प्रमाणित प्रतिलिपि

सर्वोच्च अदालत, पूर्ण इजलास

मानननीय न्यायाधीश श्री महेश शर्मा पौडेल

माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय

माननीय न्यायाधीश श्री मेघराज पोखरेल

**फैसला**

०८२-NF-००२२

मुद्दाः कर्तव्य ज्यान।

रोल्पा जिल्ला, उवा गा.वि.स., वडा नं. ८ घर भई हाल कारागार कार्यालय, लिवाङ, रोल्पामा थुनामा रहेकी चान्ची घर्ती ....................१ पुनरावलोकनकर्ता प्रतिवादी

विरुद्ध

नरमाला घर्तीमगरको जाहेरीले नेपाल सरकार..............................१ प्रत्यर्थी वादी

**सुरु तहको फैसलाको विवरण**

| | |
|---|---|
| सुरु तहमा फैसला गर्ने अदालतः | रोल्पा जिल्ला अदालत |
| सुरु फैसला गर्ने न्यायाधीशः | मा.न्या. श्री कमलप्रसाद ज्ञवाली |
| सुरु तहको मुद्दा नम्बरः | ०७२-CR-००३६ |
| सुरु तहको फैसला मितिः | २०७३।०८।३० |

**पुनरावेदन तहको फैसलाको विवरण**

| | |
|---|---|
| फैसला गर्ने अदालतः | उच्च अदालत तुलसीपुर |
| फैसला गर्ने न्यायाधीशहरुः | मा.मु.न्या. श्री नहकुल सुवेदी<br>मा.न्या. श्री रामबहादुर थापा |
| मुद्दा नम्वरः | ०७४-CS-०००८ |
| फैसला मितिः | २०७५।०२।२१ |

**यस अदालतको संयुक्त इजलासबाट भएको फैसलाको विवरण**

| | |
|---|---|
| फैसला गर्ने न्यायाधीशहरुः | मा.न्या. श्री कुमार रेग्मी<br>मा.न्या. श्री शारङ्गा सुवेदी |
| मुद्दा नं. | ०७५-CR-१११८, ११७१ र ०१५९ |
| यस अदालतको फैसला मितिः | २०८१।०१।२४ |

**पुनरावलोकनको अनुमति प्रदान गर्ने**

आदेश गर्ने न्यायाधीशहरुः मा.न्या. श्री सपना प्रधान मल्ल
मा.न्या. श्री विनोद शर्मा
मा.न्या. श्री सुनिल कुमार पोखरेल

पुनरावलोकनको आदेश मितिः २०८२।०४।१५

यस अदालतको संयुक्त इजलासबाट मिति २०८१।१।२४ मा भएको फैसला उपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम पुनरावलोकन गरी हेरिपाउँ भनी प्रतिवादी चान्ची घर्तीको तर्फबाट परेको निवेदनमा यस अदालतबाट मिति २०८२।४।१५ मा फैसला पुनरावलोकन हुने अनुमति प्रदान भई पूर्ण इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

**तथ्य खण्ड**

१. जिल्ला रोल्पा, उवा गा.वि.स., वडा नं. ८ घोराबाङ स्थित पूर्वमा नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयको भवन, पश्चिम रामबहादुर रोकाको खाली जग्गा, उत्तरमा जान पुनको २ तले ढुङ्गे घर, दक्षिणमा रामबहादुर रोकाको २ तले ढुङ्गे घर, यति चारकिल्ला भित्र रहेको भरत घर्ती र मृतक वस्ती घर्तीको २ तले ढुङ्गाको छानो, तल ३ कोठा, माथि ३ कोठा भएको कच्ची घर रहेको, सो घरको माथिको दोस्रो तलाको बीचको कोठामा मृतक वस्ती घर्ती उत्तर सिरान, पश्चिम गोडयान भई अर्ध घोप्टो अवस्थामा लाश रहेको, मृतक लाशको घाँटीको भागमा ७१/२" लम्बाई, ४" गहिराई भएको बायाँ कानभन्दा माथि टाउकोको भागमा लम्बाई ५ इन्च, ११/२" गहिराई भएको काटिएको घाउ नजिक टाउकोको भागमा लम्बाई ५ इन्च, १ ईन्च गहिराई भएको काटिएको घाउ रहेको, टाउकोको पछाडि भागमा लम्बाई ६ इन्च, १ इन्च गहिराई भएको काटिएको देखिएको, ढाडको बायाँ भागमा निलो डाम देखिएको भन्नेसमेत बेहोराको मृतक वस्ती घर्तीको मिति २०७२।११।०७ गतेको **लाशजाँच मुचुल्का।**

२. मिति २०७२।११।०७ गते राती अन्दाजी १:३० बजेको समयमा जिल्ला रोल्पा, उवा गा.वि.स., वडा नं. ८ बस्ने मेरो श्रीमान वर्ष ३५ को वस्ती घर्तीलाई ४ जनाको समूहमा आएका अपरिचित व्यक्तिहरुले कर्तव्य गरी मारी साथमा भएको रु.२,००,०००।-(दुई लाख), छापावाला सुन १ तोला, लकेटवाला सुनको सिक्री १ तोला समेत लुटी लिई म, मेरो छोरा र मेरो पतिको लाश समेतलाई ढोका थुनी होहल्ला गरेमा मारी दिने धम्की समेत दिएर गएको र मैले पनि निजहरुको खोज तलास गर्ने र खुल्न आएका बखत पुनः अर्को किटानी जाहेरी दिने गरी कानून बमोजिम कारबाही गरी पाउँ भन्ने बेहोराको **चान्ची घर्तीको मिति २०७२।११।०७ गतेको जाहेरी दरखास्त।**

३. Cause of Death (मृत्युको कारण) मा Sharp injury neck भन्नेसमेत बेहोराको मृतक वस्ती घर्तीको **शब परीक्षण प्रतिबेदन।**

४. मेरो छोरा मृतक वस्ती घर्ती रोजगारको सिलसिलामा विदेश गएको समयमा चान्ची घर्ती र निजको बहिनी ज्वाई दुवै जनाको भर र विश्वासमा विदेशबाट रु.७५,००,०००।- पठाएकोमा निजहरुको मिलेमतोमा मोटर साइकल किन्ने, दाङ जिल्लामा र रोल्पाको उवा गा.वि.स.मा संयुक्त रुपमा घर घडेरी किनेको, मिति २०७२ साल जेठमा यार्सागुम्वा टिप्न जाँदा दुवैजना सँगै सुतेकोमा गाउँका मानिसहरुले तिमी नाता भित्रको किन यस्तो गरेको भन्दा उल्टै गाउँलेहरुलाई हप्की दप्की, धाक धम्की दिई दश हजार रुपैयाँ समेत जरिवाना गराएका, छोरा विदेशवाट फर्किएपश्चात विदेशवाट पठाएको रकमको हर हिसाब खोज्दा हिसाब नमिलेपछि लोग्ने स्वास्नीको सामान्य झगडा हुँदा चान्ची घर्तीले वस्ती घर्तीलाई बोतलले टाउकोमा प्रहार गरेकी, चिथोरेकी र खुकुरी समेत प्रहार गर्न खोज्दा वस्तीले खुकुरी खोसेपछि आज बचिस्, अर्को दिन पख् भनेकी, तिम्रो बुहारीले मलाई एक दिन मार्छे समेत भनेको अवस्थामा छोरा वस्ती घर्तीले विदेशमा कमाएर पठाएको पैसा खाने पचाउने नियतले मिति २०७२।११।०७ गते बिहान अन्दाजी १:३० बजेको समयमा चान्ची घर्ती र भरत घर्ती समेतले बोलाएका ४/५ जना मानिसहरुले खुकुरी र काठको दाउराले कुटपीट गरी कर्तव्य गरी मारी छोरासँग रहेको नगद रु.२,००,०००।- र तीन तोला सुन समेत लगेकोले प्रतिबादीहरुलाई कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत बेहोराको **नरमाला घर्तीको मिति २०७२।११।१२ गतेको किटानी जाहेरी दरखास्त।**

५. मिति २०७२।११।१३ गते जिल्ला रोल्पा, उवा गा.वि.स., वडा नं. ८ बस्ने चान्ची घर्तीको स्वास्थ्य परीक्षण गराउँदा निजको शरीरमा कुनै पनि किसिमको घाउ, चोटपटक, निलडाम नदेखिएको भन्ने समेत व्यबेहोराको **स्वास्थ्य परीक्षण प्रतिवेदन।**

६. जिल्ला रोल्पा, उवा गा.वि.स., वडा नं. ८ घोरावाङ्गस्थित पूर्वमा वीर पुनको पाखोवारी, पश्चिममा घोरावाङ्ग देखि गुरासे जाने बाटो, उत्तरमा जान पुनको पाखोवारी, दक्षिणमा रामबहादुर रोकाको पाखोवारी, यति चारकिल्ला भित्र रहेको भरत घर्ती र मृतक वस्ती घर्तीको संयुक्त २ तले ढुङ्गाको छानो, तल ३ कोठा, माथि ३ कोठा भएको कच्ची घर रहेको सो घरको माथिको दोस्रो तलाको वीचको कोठामा खाटको मुनि रहेका झोलाहरु खोली हेर्दा विभिन्न कम्पनीका मोवाईल थान ४, उक्त कोठामा छरप्रष्ट अवस्थामा रहेका कपडाहरु मुनि रगत लागेको २ वटा ज्याकेट, NUVAN नामक बिषादी, उक्त घरको तल्लो भुई तलाको वीचको कोठामा विभिन्न मालसामानहरु थुपारिएको, उक्त बोराहरु हटाई हेर्दा ४५ से.मि. लम्वाई भएको खुकुरी बरामद भएको भन्नेसमेत बेहोराको मिति २०७२।११।१० गतेको बरामदी खानतलासी मुचुल्का।

७. जिल्ला रोल्पा, उवा गा.वि.स., वडा नं. ८ घोरावाङस्थित पूर्वमा सन्त बहादुर घर्तीको पाखो जग्गा, पश्चिम जान पुनको पाखो जग्गा, उत्तरमा पोने लिवाङ देखि तेलखोला जाने गोरेटो बाटो, दक्षिणमा भुमेथान जाने गोरेटो बाटो, यति चारकिल्ला भित्र रहेको नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयको नाममा रहेको ऐ.ऐ.७ मा पर्ने पाखोवारीमा मृतक वस्ती घर्तीमगरको घरबाट चोरी भएको भनिएका कागज पत्र, नगद रु.४०००।-, एल्बम थान ३, रगतको फिङ्गर प्रिन्ट लागेको हिमाल रेमिट ट्रान्सफरको कागज बरामद भएको भन्नेसमेत् बेहोराको **मिति २०७२।११।१० गतेको बरामदी खानतलासी मुचुल्का।**

८. घटना घट्नु भन्दा अगाडि मृतक वस्ती घर्ती मेरो गाउँमा आउनु भएको थियो। मुखमा नङले चिथोरेको जस्तो देखिने र ज्याकेट खोल्दा हातमा दाँतले टोकेको डामहरु मैले स्पष्ट देखेको हुँ। निजको टाउकोमा वियरको बोतलले हानेको चोट छ भन्ने सुनेको हुँ। टाउकोमा टोपी भएकाले मैले देखिनँ। निजको नाममा मैले तमसुक पनि लेखेको हुँ। निजले हामी सबैजना जम्मा भएको बेला परिवारसँग पटक पटक झगडा हुने, पारिवारिक अवस्था ठिक नभएको गुनासो गरेका थिए भन्नेसमेत बेहोराको **रामबहादुर गुरुङको घटना विवरण कागज।**

९. मृतक वस्ती घर्ती मेरो काका नाता पर्दछन्। मिति २०७२।१०।२९ गते देखि २०७२।११।०२ गतेसम्म मेरै घरमा बसेका हुन्। निज विदेशमा बस्दा निजको साली मार्फत श्रीमतीले पाउने गरी रु.५०,०००।- दिएकोमा उक्त रुपैयाँ माग्दा मसँग भएको सबै पैसा श्रीमतीले लिएको छ, दिन मान्दैनँ, म पछि विदेशबाट पठाई दिउँला, अहिले तमसुक गरी दिन्छु भनेपछि हामीले विश्वासमा तमसुक गरेनौं। निजको पारिवारिक अवस्था समेत ठीक नभएको जस्तो लाग्यो। निज मृतक मेरो घरमा आउँदा दुवै गालामा नङले चिथोरेको जस्तो, हातमा दाँतले टोकेको र टाउकोमा चोट भएको कुरा समेत गाउँमा कुरा गरेका रहेछन्। निज मृतक मेरो घरबाट जाने क्रममा यस पटक घर जान्छु, फेरि पनि श्रीमतीको व्यबहार यस्तै रहेमा गाउँका भद्र भलादमी राखेर छोडपत्र गर्नु पर्ला समेत भनेका थिए भन्नेसमेत बेहोराको **चान्ची कुमारी रोकामगरको घटना विवरण कागज।**

१०. वारदात मितिमा म आफनै घरमा थिएँ। मृतक वस्ती घर्ती मेरो छिमेकी पर्दछन्। मिति २०७२।११।७ गते बिहान ३:०० वजेको समयमा गाउँका मानिस राजेन्द्र घर्तीले घटनाको बारेमा भनेपछि थाहा पाएकी हुँ। म घटना स्थलमा गएनँ, मेरो श्रीमान जानु भएको हो। वस्ती घर्तीको पारिवारिक सम्बन्ध समेत ठीक नभएको गाउँका सबै जनालाई थाहा छ। ३ वर्ष पहिला विदेशबाट आएको समयमा पनि सम्बन्ध राम्रो थिएन। श्रीमती चान्ची र निजको साडुभाइ भरत घर्तीमगर समेत यार्चागुम्वा टिप्न गएको अवस्थामा एउटै पालमा सुतेको

विषयलाई लिएर गाउँमा छलफल समेत भएको थियो भन्नेसमेत बेहोराका **अन्ती पुन मगरको घटना विवरण कागज।**

११. मृतक वस्ती घर्ती र मैले अन्दाजी २ वर्ष पहिला संयुक्त रुपमा घर बनाएर बस्दै आएका हौं। मृतक वस्ती घर्ती मेरो सहोदर माहिली दिदीको श्रीमान भिनाजु नाता पर्दछ। निजहरु सो घरको माथिल्लो तलाको बिचको कोठामा सुत्ने गर्दथे। म सोही तलाको छेउको कोठामा सुत्ने गर्दथें। वारदात मितिमा राती अन्दाजी १:३० बजेको समयमा म सुतिरहेको अवस्थामा एक्कासी केही व्यक्तिहरु दिदी र मृतक वस्ती घर्तीको कोठामा प्रवेश गरी गडयाङ गुडुङ्ग परेको आवाज सुनेको थाहा पाएकी हुँ। को कराएको भनी मैले भन्दा जो कराउँछ त्यसलाई खुकुरीले हान्छौं भनी म सुतेको कोठा नजिक २ जना मानिसले भनेपछि मलाई डर लागी नबोली चुप लागेर सुतेकी हुँ। ती व्यक्तिहरुले बाहिरबाट ढोका खोल् भनेपछि मैले ढोका खोलिनँ, नखोलेपछि निजहरुले जबरजस्ती ढोकामा लगाएको ताल्चा फोडी म सुतेको कोठाको ढोकामा १ जना वसेको, कमल घर्ती मुखमा मास्क लगाई प्रवेश गरी मसँग पैसा माग्दा मैले पैसा छैन भनेपछि निजले सुन निकाल भन्दै खुकुरीले मेरो सुटकेस फुटाई सुटकेसमा राखेको नगद रु. ३५,०००।- र १ थान डिजिटल क्यामेरा समेत लिई वाहिर जाने क्रममा टर्च बाल्दा उक्त टर्चको उज्यालोमा ढोकामा बसेको मोहनलाल घर्ती मगरलाई कमल घर्तीमगरको साथमा लागि गएको देखेकी हुँ। निजहरुले दिदी भिनाजुलाई केही गरेकी भनी गाउँमा गई स्थानीय मानिसहरुलाई बोलाई घटना बारेमा जानकारी गराई स्थानीय मानिसहरुको साथमा लागी दिदीहरुको कोठामा जाँदा दिदी ओछ्यानमा बसेर रोईरहेको र ओछ्यानको तल मुनि भिनाजु वस्ती घर्ती रगतको खाल परेको स्थानमा मृत अवस्थामा देखेकी हुँ। तत्काल दिदी चान्ची घर्तीलाई एकातिर लगेर घटना सम्बन्धमा सोधपुछ गर्दा मोहन घर्तीमगर र कमल घर्तीमगरले घटाएको र निजहरुले आफ्नो नाम कसैलाई बताएमा फर्केर आई मार्ने धम्की दिएर गएकाले हामी दुवै जनालाई डर लागि निजहरुको नाम कसैलाई नभनी गोप्य राखेका थियौं भन्ने समेत व्यबेहोराको **अनुसन्धानको क्रममा बुझिएका जानकुमारी घर्तीको घटना विवरण कागज।**

१२. मृतक गाउँमा इमान्दार र सोझा मान्छे हुन्। कोही कसैसँग रिसईबी भएको मलाई थाहा छैन। विदेशबाट आउँदा रु.१,२९,०००।- (एक लाख उनान्तीस हजार) र १ तोला सुन ल्याएकोमा रु.६०,०००। (साठी हजार) सासु आमालाई ऋण तिरेको, १ तोला सुन र रु.५०,०००।- नगद काँहिली सालीलाई राख्न दिएको र बाँकी पैसा लिएर आफ्नो आमाको घरमा जान्छु भनी मलाई बताएका थिए। जाने बेलामा टाउकोमा चोट लागेको मैले देखेको हुँ। मैले के भयो भनेर सोध्दा भित्तामा ठोक्किएर चोट लागेको भनेका थिए। गाउँघरमा श्रीमतीले वियरको बोतलले हानेर चोट लागेको हल्ला सुनेकी थिएँ। घटना के कसरी भयो मलाई थाहा

भएन भन्नेसमेत व्यबेहोराको **अनुसन्धानको क्रममा बुझिएका शान्ती घर्तीमगरको घटना विवरण कागज।**

१३. मृतक मेरो भाइ नाता पर्दछन्। उनी २०७२।१०।१७ गते घरमा आएको कुरा मैले थाहा पाएको हुँ। घरमा आफ्नो र श्रीमतीका कपडा धोएको कारण चिसो लागेको र उक्त दिन चिसो जाँड खाएको कुरा मलाई बताएको थियो। चिसो जाँड खाएर बिमारी भएको र गर्मी ठाउँमा बसेकोले मानिसले चिसो पानीले लुगा धोएकोले बिरामी भएको गाउँलेहरुले भनेका रहेछन्। त्यही विषयलाई लिएर किन मेरो लुगा धोएको र गाउँमा अरु मानिसहरुसँग लागेकी भनी हल्ला गरिस्, तँलाई छोडपत्र दिन्छु भनी वियरको बोतलले टाउकोमा हानेकी रहेछ। पहिले आउने बेलामा पनि छोडपत्र दिन्छु भनेकी थिइस्, छोडपत्र दिने भए मैले विदेशबाट पठाएको पैसाको हिसाब खोज्न पाउँछु भन्दा तैले यहि खोजेको होस् भनी खुकुरी झिकी हान्दा खुकुरी च्याप्प समातेर बाहिर फालिदिएको र खुकुरी बाहिर फाल्दा हातमा समेत चोट लागेको मैले देखेको हुँ। सोही समयमा मृतकको श्रीमती चान्ची घर्तीमगरले आज तँ बचिस्, अर्कोपल्ट मर्छस् मर्छस् भनेको कुरा मेरो भाइले आमाको घरमा भनेको थियो। आमासँग छोडपत्रको कुरा आएपछि आमाले किन छोडपत्र गर्ने, मिलेर बस्नु भन्दा म त मिल्ने कुरा गरौंला, श्रीमती मान्दैन, कमाएको पैसा देली भन्ने आशा पनि छैन। गाउँका भद्रभलादमी राखी कमाएको पैसा छोराको नाममा गराउन भन्छु भनी भनेको थियो। यस्तै हो भने मलाई एक दिन मार्न सक्छ, मलाई अपर्झटमा कहीँ कतैबाट मारी हाल्यो भने यसैको कारणबाट हुन्नसक्छ। यो कुरा तपाइहरुले जानकारी गराउनु र मेरो र छोराको खोजतलास गर्नु भनी गुनासो गरेका थिए। पछि त्यो घटना भएछ भन्नेसमेत व्यबेहोराको **अनुसन्धानको क्रममा बुझिएका समझी रोकाको घटना विवरण कागज।**

१४. मृतक वस्ती घर्तीमगर इमान्दार र कोही कसैसँग रिसइबी नभएको मानिस हो। माघ महिनाको २०/२१ गते मृतकको घरमा श्रीमान श्रीमतीको झगडा हुँदा सोही घरमा थिएँ। मेरो दाइ नाता पर्ने र म घर बनाउने ठाउँबाट घरतर्फ जाने क्रममा झगडा भैरहेको थियो। मृतकको टाउको फुटी २ तिरबाट रगत आइरहेको थियो र ढोका नजिक वियरको बोतल फुटेको थियो। के भएको भन्दा श्रीमतीले मलाई वियरको बोतलले हानेको भन्दै थिए। मृतकको हातमा पनि दाँतले टोकेका डामहरु देखाएका थिए। हामीहरुले श्रीमान श्रीमती बीचमा किन झगडा गर्नु हुन्छ, मिलेर बस्नुपर्छ भन्दा श्रीमतीले यससँग बस्दैन, छोडपत्र गर्नु पर्छ भन्दै थिइन्। मृतकलाई केही दिन आमाको घरमा जाउ भनी निज आमाको घरतर्फ गएका हुन्। हाम्रै सामुन्नेमा रु.६०,०००।- सासुलाई ऋण तिरेको र बाँकी रु.५०,०००।- भरतको श्रीमतीलाई राख्न दिई बाँकी आफूसँग लिएका हुन्। सुन चाँही श्रीमतीको ब्यागमा नै थियो।

उक्त झगडा हुँदाको राती म मृतकको घरमा सुतेको हुँ। केही दिनपछि गर्व सिंह पुन र मृतकको साढुदाइले मृतकलाई बोलाएर लगेपछि गाउँघरमा मिलापत्र कागज गरेको भन्ने सुनेको हुँ। को को थिए मलाई थाहा भएन। उक्त घटना हुँदाको दिनमा म त्यहाँ थिएन भन्नेसमेत व्यबेहोराको **अनुसन्धानको क्रममा बुझिएका जुनबहादुर घर्तीमगरको घटना विवरण कागज।**

१५. पूर्वमा वीर पुनको खेतबारी, पश्चिममा घोरावाङदेखि गुराँसे जाने गोरेटो बाटो, उत्तरमा जानबहादुर पुनको घरवारी, दक्षिणमा राम रोकाको घरवारी, यति चारकिल्ला भित्र जिल्ला रोल्पा, उवा गा.वि.स., वडा नं. ८ मा २६ हात लम्वाई, १० हात चौडाई, २ तले तल ३ वटा माथि ३ वटा भएको ढुङ्गा माटोले बनेको ढुङ्गाले छाएको भरत घर्ती र चान्ची घर्तीमगरको संयुक्त नाममा रहेको दक्षिण मोहडा गरेको घर, उक्त घरको तल्लो तलाको पश्चिमतिर मेडिकल भएको कोठा, उक्त कोठाको ढोका खोली भित्र प्रवेश गर्दा अगाडितिर विरामी जाँच्ने टेवल र औषधीहरुको प्याक भएको र सो भन्दा भित्र पार्टिसन गरीएको सानो अध्यारो कोठा, उक्त कोठाको पश्चिमतर्फ खाली खाट र बीच भागमा २ वटा डोकामा उन राखिएको, उक्त उनका डोकाहरु पन्छाई हेर्दा केही दिन अगाडि खनेर पुरिएको देखिएको उक्त भाग खोतली हेर्दा ह्यान्डीप्लास्टरको पहेंलो विर्को भएको प्लाष्टिकको १ बट्टा फेला परेको, उक्त बट्टा खोली हेर्दा रातो हाते रुमालमा अलग अलग २ ठाउँमा बाँधिएको, एउटा पोको खोली हेर्दा सेतो कपडा भित्र लकेटमा M लेखिएको लकेटवाला सिक्री थान १ र बच्चाले लगाउने चाँदीको २ वटा बाला फेला परेको, अर्को पोका खोली हेर्दा सेतो कपडा भित्र J लेखिएको लकेटवाला सुनको सिक्री थान १ र बच्चाले लगाउने चाँदीको वाला ४ वटा बरामद गरिएको भन्नेसमेत व्यबेहोराको **मिति २०७२।११।१३ गतेको बरामदी खानतलासी मुचुल्का।**

१६. मेरो श्रीमान वस्ती घर्ती रोजगारको सिलसिलामा विदेश गएको समयमा मैले उवा गा.वि.स., वडा नं. ८ मा किराना पसल गर्दै आएकी थिएँ। मिति २०७२।१०।१६ गते श्रीमान वस्ती घर्ती घरमा आएका थिए। मिति २०७२।१०।१८ गते श्रीमानले अत्यधिक मात्रामा रक्सी खाएको अवस्थामा निजलाई घर वाहिरबाट कोठामा लैजाने क्रममा विवाद भई मैले घचेट्दा निजको टाउकोमा चोट लागेको हो। मैले वियरको बोतल, खुकुरीले हानेको होइन। मिति २०७२।११।०६ गते राती म, मेरो छोरा, मेरो श्रीमान समेत कोठामा सुतेका थियौं। राती अन्दाजी १:३० बजेको समयमा केही व्यक्तिहरु ढोका ढकढक्याई महिलाको आवाजमा नचिनेको स्वरमा हामी हौं, ढोका खोल भन्दा श्रीमानले मलाई ढोका खोल, को आएको छ भन्दा म जादैंन, ढोका खोल्न हुँदैन भन्दा श्रीमान आफै उठेर गई ढोका खोल्दा मुखमा मास्क लगाएका चार जनाले ढोकाभित्र प्रवेश गर्नासाथ मेरो श्रीमानलाई लाठी, खुकुरीले टाउको, घाँटी तथा शरीरको विभिन्न भागमा प्रहार गरी कर्तव्य गरी मारे। मेरो श्रीमानलाई मार्ने जिल्ला

रोल्पा, उवा गा.वि.स., वडा नं. ८ बस्ने कमल घर्तीमगर र मोहनलाल घर्तीमगरलाई निजहरुले बालेको टर्चलाइटको उज्यालोमा प्रष्ट चिनेकी हुँ। अर्का दुईजनाले सुटकेस फुटाई नगद रु.१,३१,०००।- र छापावाला सुन १ तोला र एल्वम ३ थान समेत लुटी लैजाँदा मैले प्रतिरोध गर्न लाग्दा मेरो कपाल लुछी १ मुक्का दाहिने कोखामा प्रहार गरी घोप्टो पर् नत्र खुकुरीले तलाई पनि माछौं भनेकाले म चुप लागेर बसी राखें। हामी आमा छोरालाई चुकुल लगाएर कोठामा थुनेर बहिनी जान कुमारीको कोठामा गई कोठामा ताल्चा फुटाई कोठामा प्रवेश गरी गड्याङ गुडुङ गरी केही समयपछि भागी गएको आवाज सुनेकी हुँ भन्ने समेतको **प्रतिवादी चान्ची घर्तीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।**

१७. मृतक वस्ती घर्ती मेरो साडुदाइ पर्दछन्। मृतकको श्रीमती चान्ची घर्ती र मैले संयुक्तरुपमा घर बनाई उवा गाउँमा सँगै बस्ने गर्दै आएका थियौं। मैले मृतक वस्ती घर्तीले विदेशबाट पठाएको पैसामध्ये ९ पटकमा ४ लाखदेखि ६ लाखसम्म निकालेको हुँ। उक्त पैसा मृतकको श्रीमती चान्ची घर्तीलाई तत्कालै दिएको हुँ। मृतक वस्ती घर्तीसँग मेरो कुनै पनि रिसइबी थिएन। मलाई मृतकको श्रीमती चान्ची घर्तीसँग लगाएको अनैतिक सम्बन्ध गलत हो। मृतक वस्ती घर्तीलाई मारेको अवस्थामा म दाङमा लोकसेवा आयोगको तयारी गर्न गएको थिएँ। भोलीपल्ट दाङबाट खवर पाएपछि मोटरसाइकलमा आएको हुँ। घरमा जाँदा मृतक वस्ती घर्तीलाई आफ्नै सुत्ने कोठामा रगतको बीचमा मृत अवस्थामा देखेको हुँ। तत्काल ४ जना व्यक्तिहरुले नगद २ लाख र २ तोला सुन लिई मृतक वस्ती घर्तीलाई मारेको कुरा चान्ची घर्तीबाट सुनी थाहा पाएको हुँ। जाहेरवाली नरमाला घर्तीलाई हामी माथि जाहेरी दिनु भनी गाउँका मान्छेहरुले भनेकोले हामी माथि किटानी जाहेरी दिएको हुनुपर्छ। मलाई उक्त घटना बारे थाहा छैन। म र चान्ची घर्ती बीचमा अनैतिक सम्बन्ध देखाई आरोप लगाएका छन् भन्ने समेत व्यबेहोराको **प्रतिवादी भरत घर्तीमगरले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।**

१८. प्रतिवादी चान्ची घर्ती समेतले पहिला गाउँमा वादविवाद भएको हुँदा पूर्व रिसइवीका कारण हामीहरुलाई आरोप लगाएका हुन्। मृतक वस्ती घर्तीलाई हामीले मारेका होईनौं। मिति २०७२।११।०६ गते म खच्चर चराउन गएको समयमा निज मृतकले भतिजालाई बोकेर गएका थिए। हामी दुवैजना बीच कुराकानी हुँदा पैसा त कमाएँ तर श्रीमती चान्चीले दाङमा जग्गा किनेको छ भन्छ, पैसाको कुरा गर्ने बित्तिकै झगडा सुरु हुन्छ भनी कुरा समेत गरेका थिए। वारदातस्थलमा जाँदा ढोका नफोडी उक्त कोठामा गई मृतक वस्ती घर्तीलाई मार्दा समेत निजकी श्रीमती चान्चीलाई सामान्य चोटपटक समेत नलागेको देख्दा उक्त घटनामा चान्ची घर्तीको पूर्ण संलग्नता रहेको छ। उक्त वारदात भएको समयमा म र कमल समेत एउटै घरमा सुतेका थियौं। वारदात हुनु भन्दा पहिला चान्ची र भरत घर्ती दाङतिर आउने

जाने क्रममा श्रीमती जानकुमारीलाई गाडीबाट पठाउने र आफूहरु पैदल आउने जाने, होटलहरुमा सँगै सुत्ने गरेको थाहा पाएको हुँ। चान्ची र भरतले मारेको, मार्न लगाएको, मलाई पूर्ण विश्वास लाग्छ भनी **प्रतिवादी मोहनलाल घर्तीमगरले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।**

१९. वारदात मितिमा म र मोहनलाल घर्तीमगर आफ्नै काका रामबहादुर रोकाको घरमा ढुङ्गा बोकाउने काम गर्ने गरेकाले २ दिन देखी त्यहि सुतेका थियौं। निज मृतक वस्तीलाई चोरले मारेका छन् भनी जनम घर्तीले रामबहादुर रोकालाई भन्दा सुनेर थाहा पाएको हुँ। भोलीपल्ट वारदातस्थलमा गाउँका मानिससँग गएको हुँ। निज प्रतिवादी चान्ची घर्ती समेतले पहिला गाउँमा वादविवाद भएको हुँदा पूर्व रिसइविका कारण हामीहरुलाई आरोप लगाएका हुन्। मृतक वस्ती घर्तीलाई हामीले मारेका होइनौं। चान्ची घर्तीले मृतक वस्तीलाई वारदात हुनु भन्दा पहिला वियरको बोतलले टाउकोमा हानेको देखेको हुँ। निजहरु बीचमा पहिलादेखि झैझगडा गर्ने र विदेशबाट पठाएको पैसामा हिसाव नमिलेपछि वादविवाद भई चान्चीले योजना बनाई अन्य मानिसहरु समेतलाई संलग्न गराई आफ्नो श्रीमानलाई कर्तव्य गरी मारेको हुनुपर्दछ भन्ने बेहोराको **प्रतिवादी कमल घर्तीमगरले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।**

२०. मृतक वस्ती घर्ती मेरो सहोदर भाइ पर्दछ। भाइलाई निजको श्रीमती चान्ची घर्ती र निजको ज्वाइँ भरत घर्तीले मारेका हुन्। भाइ विदेशबाट आएको ४ दिन मात्र घरमा बसी मिति २०७२।१०।२१ गते हामीहरु बस्ने घरमा गएका थिए। भाइको शरीरमा टाउकोमा चोट लागेको मैले देखेकी हुँ। आमाले सोध्दा श्रीमती चान्ची घर्तीले मलाई मार्न सक्छे, अवश्य पनि एकदिन तँ मेरो हातबाट मर्छस्, तँ सित म बस्दिनँ, छोडपत्र गर्छु भनी मलाई खुकुरीले हान्न खोज्दा खुकुरी समाती घरदेखि बाहिर फालेको हुँ भनी भनेका थिए। भाइ विदेशमा १३/१४ वर्ष बसेको र विदेशबाट पठाएको पैसा निजको श्रीमती चान्ची घर्ती र भरत घर्तीले खाई हिनामिना गरेपछि भाइले हिसाव खोज्दा भाइलाई नै मारेपछि सधैं भरीको समस्याको समाधान हुने देखी योजना बनाई भाइको हत्या गरिएकोमा मलाई पूर्ण विश्वास लाग्छ। भाइलाई मारेपछि सम्पूर्ण सम्पत्ति खाने मनसायबाट मेरो भाइलाई मारेका हुन् भन्ने समेत बेहोराको **कर्मसरी घर्तीले गरेको घटना विवरण कागज।**

२१. मृतक वस्ती घर्ती विदेशबाट आएपछि श्रीमान श्रीमती बिचमा पैसाको वारेमा झै भगडा भएपछि पैसाको हिसाब श्रीमती चान्ची घर्तीले देखाउन नसकेपछि श्रीमान वस्ती घर्तीलाई कुट्ने, हान्ने लगायतका काम गरेको सुनेको र मृतकको श्रीमती चान्ची र भरत घर्तीको गलत सम्बन्ध रहेको, मृतक विदेशमा १३/१४ वर्षजति बसेको र निजले पठाएको पैसाबाट संयुक्तरुपमा निजको श्रीमती चान्ची घर्ती र भरत घर्तीले घर बनाएको, दाङमा जग्गा, घडेरी लिएको र मृतक

वस्ती घर्तीलाई मारेमा सबै सम्पत्ति निज प्रतिवादीहरु दुबै जनाको हुने भएकोले मृतक वस्तीलाई प्रतिवादी चान्ची र मोहन घर्ती समेतले कर्तव्य गरी मारेको हो भन्ने मलाई पूर्ण विश्वास लाग्छ। घटनामा संलग्न भनी अनुसन्धानमा ल्याएका मोहनलाल घर्ती र कमल घर्ती सोझा, गाउँमा खच्चडबाट भारी बोकाउने काम गरी खाने मान्छे हुन्। निजहरुलाई आरोप लगाएमा आफू बच्न सकिन्छ भनी चान्चीले आरोप लगाएकी हुन्। निज दुबैजना निर्दोष छन् भनी **लालबहादुर घर्तीले गरेको घटना विवरण कागज।**

२२. मृतक वस्ती घर्ती विदेशबाट आएपछि श्रीमान श्रीमती बिचमा पैसाको बिचमा झै भगडा भएपछि पैसाको हिसाब श्रीमती चान्ची घर्तीले देखाउन नसकेपछि श्रीमान वस्ती घर्तीलाई वियरको बोतलले टाउकोमा हानी चोट लगाएकी र खुकुरीले मृतक वस्ती घर्तीलाई हान्दा मृतकले खुकुरी घरदेखि बाहिर फालेको र एकदिन मलाई मेरो श्रीमतीले मार्छे भनेको कुरा जाहेरवालीबाट सुनी थाहा पाएको हुँ। मृतकको श्रीमती चान्ची घर्ती र भरत घर्ती बीच गलत सम्बन्ध रहेको, मृतक विदेशमा १३/१४ वर्ष जति बसेको र निजले पठाएको पैसाबाट संयुक्तरुपमा निजको श्रीमती चान्ची घर्ती र भरत घर्तीले घर बनाएको, दाङमा जग्गा, घडेरी लिएको र मृतक वस्ती घर्तीलाई मारेमा सबै सम्पत्ति दुबैजनाको हुने भएकोले मृतक वस्तीलाई मारेकोमा मलाई पूर्ण विश्वास लाग्छ भनी **दिलबहादुर घर्तीले गरेको घटना विवरण कागज।**

२३. मृतक विदेशबाट आएपछि श्रीमान श्रीमतीको झगडा भएको र मृतक आमाको घरमा गई बसेको कुरा सुनी थाहा पाएको हुँ। मृतकलाई अपरिचित व्यक्तिहरुले मारेको र सुन, नगद लिएको कुरा मैले प्रत्यक्ष देखेको छैन, सुनी थाहा पाएको हो। कमल घर्तीमगर र मोहनलाल घर्तीमगर गाउँले सोझा केटाहरु हुन्। उनीहरुलाई फसाउनको लागि पोलेका हुन्। चान्ची घर्ती र भरत घर्तीले योजना बनाई कर्तव्य गरी मारेको हुनुपर्दछ भन्ने समेतको **इच्छा घर्तीले गरेको घटना विवरण कागज।**

२४. मिति २०७२।११।०६ गते खाना खाएपछि बुवा वस्ती घर्ती, आमा चान्ची घर्ती र म समेत एउटै कोठामा सुतेका थियौं। राती ऐ. ७ गते अन्दाजी १:३० बजेको समयमा हामी सुतिरहेको कोठामा एक्कासी मास्क र कालो कपडा लगाएका ४ जना मानिसहरु पसेर मेरो बुवा वस्तीलाई २ जनाले लाठी र खुकुरीले कुटपीट गरिरहेको र २ जनाले सुटकेश तोडफोड गरीरहेको म बिउझिएर देखेको हुँ भन्ने समेत बेहोराको **एलन घर्तीले गरेको घटना विवरण कागज।**

२५. वर्ण गहुँ गोरो, अनुहार नाकमा खत भएको, दाहिनेबाट गन्ती गर्दा दोस्रो नं. र बायाँ तर्फबाट गन्ती गर्दा चौथो स्थानमा खडा भएका व्यक्ति कमल घर्तीमगर हुन्। वारदातको समयमा निजले मुखमा मास्क लगाई मेरो कोठामा प्रवेश गरी मसँग पैसा माग्दा मैले पैसा छैन भन्दा यिनै कमल घर्तीमगरले मेरो कोठामा रहेको सुटकेश फुटाई उक्त सुटकेशमा राखिएको

रु.३५,०००।- र १ थान डिजिटल क्यामरा समेत लुटी लगेका हुन् भनी **जानकुमारी घर्तीले गरेको सनाखत कागज।**

२६. वर्ण गहुँ गोरो, अनुहार बाटुलो भएको, दाहिनेबाट गन्ती गर्दा चौथो र बायाँतर्फबाट गन्ती गर्दा दोस्रो स्थानमा उभिएका व्यक्ति मोहनलाल घर्तीमगर हुन्। कमल घर्तीमगरले मेरो कोठाबाट सुटकेस फोडी नगद रु.३५,०००।– डिजिटल क्यामरा लुटी टर्च बाल्दै बाहिर जाने क्रममा यी मोहनलाल घर्तीमगरलाई ढोकामा उभिएको देखेकी हुँ भनी **जानकुमारी घर्तीले गरेको सनाखत कागज।**

२७. मेलै जानकुमारी घर्ती र चान्ची घर्तीको संयुक्त घरमा डेरा लिई बस्दै आएको थिएँ। राती अन्दाजी १:३० बजेको समयमा एक्कासी आवाज आएपछि म बिउझिएँ। पछि मैले चान्ची घर्तीको कोठाभित्र बच्चा रोएको जस्तो आवाज सुनेको थिएँ। बाहिर गई बुझ्न खोज्दा मेरो कोठामा बाहिरबाट चुकुल लगाएको थियो। चान्ची घर्तीले मेरो श्रीमानलाई कुटपीट गरी मारेका छन्, छिटो आउनुहोस् भनेपछि मैले जबरजस्ती ढोकालाई लातले हान्दा ढोका खुलेको थियो। कोठामा जाँदा मृतक वस्ती घर्तीलाई भुइमा ढलेको, शरीरबाट रगत बगेको र निजको श्रीमती चान्ची घर्ती र निजको छोरा रोइरहेका थिए। उक्त घटना ३/४ जनाले गरेको भन्ने हल्ला सुनेको हो भन्ने समेतको **एन्जिला घर्तीले गरेको घटना विवरण कागज।**

२८. मृतक वस्ती घर्तीलाई मारेको कुरा जानकुमारी घर्ती समेतबाट सुनी थाहा पाएको हुँ। मृतक विदेशबाट आएपछि श्रीमती चान्ची घर्तीसँग झगडा भएपछि आफ्नो आमा जाहेरवालीको घरमा गएकोले मलाई मृतकको श्रीमती चान्ची घर्तीले वस्ती घर्तीलाई ल्याई दिनुपर्‍यो भनेपछि म मृतकलाई आमाको घरमा लिन गएको थिएँ। मृतकलाई घरमा ल्याएपछि अबदेखि श्रीमान वस्ती घर्तीलाई गाली गलौज, कुटपीट नगर्ने भनी मौखिकरुपमा सहमति भएको थियो। सो सहमति भएको ५ दिनपछि मृतकलाई मारेको घटना भयो। भरत घर्ती र मृतकको श्रीमती चान्ची घर्तीको बीचमा गलत सम्बन्ध रहेको र सोही विषयमा छलफल भएको तथा संयुक्तरुपमा भरत घर्ती र चान्ची घर्तीको नाममा जग्गाको जग्गाधनी पुर्जा भएको सुनी थाहा पाएको हुँ भन्ने समेतको **गर्वसिंह पुनमगरले गरेको घटना विवरण कागज।**

२९. मलाई राजेन्द्र घर्तीमगर समेतका व्यक्तिहरुले राती मृतक वस्ती घर्तीलाई मारेका छन् भनी भनेपछि थाहा पाई म पनि तत्काल निजहरुसँग मृतकको घरमा गएको थिएँ। वारदात हुँदाको समयमा कमल घर्तीमगर र मोहनलाल घर्तीमगर मेरै घरमा सुतेका थिए। मेरो जाहेरवाली नरमाला घर्तीसँग भेट हुँदा छोरालाई श्रीमतीले वियरको बोतलले हानेको र म मरें भने हेरफेर गर्नुहोला भनेका थिए। चान्ची घर्ती र भरत घर्तीको गलत सम्बन्ध रहेको विषयमा गाउँमा छलफल हुँदा मोहनलाल घर्तीमगर र कमल घर्तीमगरका घरमा मान्छेलाई रु.१०,०००। (दश

हजार) तिराएका थिए। मृतक वस्ती घर्तीसँग मोहनलाल घर्तीमगर र कमल घर्तीमगरको कुनै रिसइवी थिएन भनी **रामबहादुर रोकाले गरेको घटना विवरण कागज।**

३०. मलाई वस्ती घर्तीलाई मारेको जानकारी जानकुमार घर्ती र एन्जिला घर्तीले गरेकी थिइन्। रामबहादुर रोकाको घरमा खवर गर्न गएको समयमा मैले मोहनलाल घर्तीमगरलाई रामबहादुर रोकाको घरमा सुतेको देखेको हुँ। कमल घर्तीमगर भान्सा कोठामा सुतेका थिए भन्ने सुनी थाहा पाएको हुँ। मृतकको घरमा जाँदा वारदातबारे चान्ची घर्तीबाट सुनी थाहा पाएको हुँ। तत्काल नामथर नखुलेका व्यक्तिबाट श्रीमानको हत्या भएको भनेको र पछि आफूलाई पक्राउ गरेपछि मोहनलाल घर्ती र कमल घर्तीमगरलाई आरोप लगाएको, कमल घर्तीमगर र मोहनलाल घर्तीमगरले गल्ती गरेको भए किन उक्त समयमा नाम नखुलाएको मलाई थाहा भएन। श्रीमान श्रीमती बीचमा झैझगडा भै रहने गरेको र मृतकको श्रीमती चान्ची घर्ती र भरत घर्ती मगरको संयुक्तरुपमा घर जग्गा छ भन्ने कुरा सुनी थाहा पाएको हुँ भनी **जनम घर्तीमगरले गरेको घटना विवरण कागज।**

३१. मलाई वस्ती घर्तीलाई मारेको जानकारी जानकुमारी घर्ती र एन्जिला घर्तीले गरेकी थिइन्। रामबहादुर रोकाको घरमा खवर गर्न गएको समयमा मैले मोहनलाल घर्तीमगरलाई रामबहादुर रोकाको घरमा सुतेको देखेको हुँ। कमल घर्तीमगर भान्सा कोठामा सुतेका थिए भन्ने सुनी थाहा पाएको हुँ। वारदातबारे चान्ची घर्तीबाट सुनी थाहा पाएको हुँ। श्रीमान श्रीमती बीचमा झगडा भै रहने गरेको र मृतकको श्रीमती चान्ची घर्ती र भरत घर्तीमगरको संयुक्त रुपमा घर जग्गा छ भन्ने कुरा सुनी थाहा पाएको हुँ भनी **राजेन्द्र घर्तीमगरले गरेको घटना बिवरण कागज।**

३२. वर्ण गहुँ गोरो, बाटुलो अनुहार भएको, दाहिनेबाट गन्ती गर्दा चौथो र बायाँतर्फबाट गन्ती गर्दा दोस्रो स्थानमा खडा भएका व्यक्ति मोहनलाल घर्तीमगर हुन्। निज वारदातको समयमा मास्क लगाई मेरो कोठामा प्रवेश गरी श्रीमान वस्ती घर्तीको टाउको र घाटीमा खुकुरी प्रहार गरी मारेका र कोठाबाट बाहिर जाने समयमा यिनै मोहनलाल घर्तीमगरले बालेको टर्चको उज्यालोमा चिनेकी हुँ भन्नेसमेत व्यबेहोराको **चान्ची घर्तीले गरी दिएको सनाखत कागज।**

३३. वर्ण गहुँ गोरो, अनुहार नाकमा खत भएको, दाहिनेबाट गन्ती गर्दा दोस्रो र बायाँतर्फ बाट गन्ती गर्दा चौथो स्थानमा खडा भएका व्यक्ति कमल घर्तीमगर हुन्। निजले वारदातको समयमा मास्क लगाई मेरो कोठामा प्रवेश गरी श्रीमान वस्ती घर्तीको टाउको लाठीले हानेका हुन् भन्नेसमेत व्यबेहोराको **चान्ची घर्तीले गरी दिएको सनाखत कागज।**

३४. प्रतिबादीहरु मध्ये मोहनलाल घर्तीमगर, कमल घर्तीमगर, वन्सुर घर्तीमगर समेतले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र सोही महलको १३ (३) नं. विपरीत कसूरजन्य कार्य गरेको

हुँदा निज प्रतिबादीहरुलाई सोही ऐन महलको १३(३) नं. बमोजिम हदैसम्म सजाय हुन र प्रतिवादीहरु चान्चीं घर्ती र भरत घर्ती मगरले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १३(४) नं. विपरीतको कसूर अपराध गरेकोले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय गरी गरी पाउँ भन्ने **मागदावी लिई दायर भएको अभियोग पत्र।**

३५. लोग्ने वस्ती घर्तीले मादक पदार्थ सेवन गरी बाहिर सुत्न खोज्दा तानेर ल्याउँदा भित्तामा टाउको ठोक्किन पुगी सानो घाउ भएको हो। मैले काट्छु, मार्छु भनेको होइन। जाहेरी झुठ्ठा हो। हामीले नगद धनमाल समेत लगेका होइनौं र वस्ती घर्तीलाई पनि कर्तव्य गरी मारेका होइनौं। अनुसन्धान अधिकारी समक्षको बयान र सहीछाप मेरो हो। मैले मान्छे लगाई वस्ती घर्तीलाई मारेको होइन। म आफू बच्नलाई कमल घर्तीमगर र मोहनलाल घर्ती मगरले मेरो श्रीमान वस्ती घर्तीलाई मारेको भनेकी हुँ। मेरो सासू नरमाला घर्तीसँग घरमा सामान्य झैझगडा भएको र भरत घर्ती र मेरो संयुक्त नाममा जग्गा भएकोले सोही इवीले हामी माथि नरमाला घर्तीले किटानी जाहेरी दिनुभएको हो भन्नेसमेत व्यबेहोराको **प्रतिवादी चान्ची घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बयान।**

३६. वस्ती घर्ती र निजको श्रीमती चान्ची घर्तीको पारिवारिक सम्बन्ध राम्रै थियो। घटना घट्नु अघि मृतक वस्ती घर्तीको मुखमा नङले चिथोरेको, हातमा दातले टोकेको डामहरु समेतको बारेमा मलाई केही थाहा छैन। को कसले वस्ती घर्तीलाई कर्तव्य गरी मारे, वारदात हुँदाको अवस्थामा म दाङमा भएकोले खुलाउन सक्दैन। मेरो कुनै कसूर नभएकोले सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यबेहोराको **प्रतिवादी भरत घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बयान।**

३७. मिति २०७२।११।०७ गते प्रतिवादीहरु चान्ची घर्ती र भरत घर्ती समेतले बोलाएका ४/५ जना मानिसहरुले खुकुरी र काठको दाउराले वस्ती घर्तीलाई कुटपीट गरी मारी वस्ती घर्तीसँग रहेको नगद र सुन लुटी लगेको भन्ने सम्बन्धमा मलाई केही थाहा छैन। मृतकलाई मारेको सम्बन्धमा मलाई केही थाहा छैन। को कस्ले वस्ती घर्तीलाई कर्तव्य गरी मारे, वारदात हुँदाका अवस्थामा म दाङमा भएकोले खुलाउन सक्दैन। मेरो कुनै कसूर नभएकोले सजाय हुनुपर्ने होइन भन्ने समेतव्यबेहोराको **प्रतिवादी कमल घर्ती मगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बयान।**

३८. प्रतिवादी चान्चीले म समेतका उपरमा अनाहकमा आरोप लगाएकी हुन्। म निर्दोष छु। मेरो उक्त घटनामा कुनै संलग्नता छैन। किटानी जाहेरीमा मेरो नाम उल्लेख छैन। वस्ती घर्तीलाई कसले मारेको हो मलाई थाहा छैन। मलाई अभियोग माग दावीबमोजिम सजाय हुनुपर्ने होइन

भन्नेसमेत व्यबेहोराको **प्रतिवादी मोहनलाल घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बयान।**

३९. पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादीहरु चान्ची घर्तीमगर र भरत घर्तीमगरलाई मुलुकी ऐन, अदालती वन्दोवस्तको ११८(२) को अवस्था विद्यमान हुँदा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न थुनुवा पूर्जी दिई कारागार कार्यालय रोल्पामा थुनामा राख्न पठाउनु। प्रतिवादीहरु मोहनलाल घर्तीमगर र कमल घर्तीमगर प्रतिवादी चान्ची घर्ती मगरबाट मुलुकी ऐन, अदालती वन्दोवस्तको ११८ को देहाय ५ र १० नं. समेतको आधारमा जनही रु.२५,०००।- नगदै धरौटी वा सो बरावरको जेथा जमानत वा वैंक ग्यारेण्टी लिई मुद्दाको पूर्पक्ष गर्नू, सो दिन नसके थुनुवा पूर्जी दिई थुनामा राख्न कारागार कार्यालय रोल्पामा पठाउनू भन्ने समेतको शुरु रोल्पा जिल्ला अदालतबाट भएको **थुनछेक आदेश।**

४०. वारदातको मिति र समयमा म उक्त ठाउँमा नभई मजदुरी काम गर्ने क्रममा पोखरामा थिएँ। वस्ती घर्तीलाई को, कसले कर्तव्य गरी मारे यसबारे मलाई केही थाहा छैन। उक्त घटनामा मेरो कुनै संलग्नता नभएकोले मलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यबेहोराको **प्रतिवादी बन्सुर घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बयान।**

४१. प्रतिवादी बन्सुर घर्तीमगरबाट मुलुकी ऐन, अदालती वन्दोवस्तको ११८ को देहाय ५ र १० नं. समेतको आधारमा जनही रु.२०,०००।- नगद धरौट वा सो बरावरको जेथा जमानत वा वैंक ग्यारेण्टी लिई मुद्दाको पूर्पक्ष गर्नू, सो दिन नसके थुनुवा पूर्जी दिई थुनामा राख्न पठाउनू भन्ने समेतको शुरु रोल्पा जिल्ला अदालतबाट भएको **थुनछेक आदेश।**

४२. मिति २०७२।११।०७ मा प्रतिवादी मोहनलाल घर्तीमगर र कमल घर्तीमगर उवा गा.वि.स. वडा नं. ७ घोरावाङ स्कूलको घर निर्माण कार्यको लागि खच्चरबाट गिट्टी बालुवा सिमेन्ट लोड गरी स्कूल निर्माणको दैनिक ज्यालादारीमा काम गरीरहेका थिए। यी प्रतिवादीहरु उक्त वारदातमा संलग्न नभएकोले अभियोग दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यबेहोराको **प्रतिवादीहरु मोहनलाल घर्तीमगर र कमल घर्तीमगरका साक्षी दिलमान बुढाले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

४३. मिति २०७२।११।०५ गते म मेरो कामको सिलसिलामा पोखरा गएको थिएँ। प्रतिवादी बन्सुर घर्ती पोखरामा लेबर काम गर्ने हुँदा मसँग पोखरामा थियो। निजको उक्त घटनामा संलग्नता छैन। बन्सुर घर्तीमगर निर्दोष भएकोले झुठ्ठा आरोपमा सजाय हुनु हुँदैन भन्नेसमेत व्यबेहोराको **प्रतिवादी बन्सुर घर्तीमगरको साक्षी वीरबहादुर घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

४४. प्रतिवादी चान्ची घर्तीले भरत घर्तीको सहयोग लिई मेरो छोरा वस्ती घर्तीलाई कर्तव्य गरी मारेकी हुन्। मेरो छोरा वस्तीलाई मार्नमा चान्ची र भरतको मात्र संलग्नता छ। प्रतिवादीहरु चान्ची र भरतलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्छ भनी जाहेरी व्यबेहोरालाई सनाखत गर्दै **जाहेरवाला नरमाला घर्तीले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

४५. वारदात घटना घटेको दिन मेरो बुवा वस्ती घर्तीलाई मारेको मैले प्रत्यक्ष देखेको हुँ। बुवा वस्ती घर्ती र आमा चान्ची घर्तीको एक आपसमा झगडा भई आमा चान्ची घर्तीले एक्कासी लाठीले पछाडिबाट धेरै चोटी हानेपछि आमाले नै चुन्नी कपडाले बुवा वस्तीको मुख आँखा छोपी एकजना नचिनेको पुरुषले खुकुरीले घाँटी रेटेको हो। मेरो बुवालाई मार्ने आमा सहित दुईजना नचिनेका मानिसलाई पनि सजाय हुनुपर्छ भन्नेसमेत व्यबेहोराको वादीका साक्षी **एलन घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

४६. मिति २०७२।११।०७ गते म आफ्नै घरमा थिएँ। प्रतिवादी चान्ची घर्तीले आफ्नै लोग्नेलाई मार्न सक्दैनन्। अपरिचित केहीं मानिसहरुले वस्ती घर्तीलाई कुटपीट गरी कर्तव्य गरेको र विगो समेत लुटेको भन्ने कुरा गाउँघरबाट चलेको हल्लाबाट थाहा पाएको हुँ। प्रतिवादी चान्चीलाई सजाय हुनु हुँदैन भन्नेसमेत व्यबेहोराको **प्रतिवादी चान्ची घर्तीमगरको साक्षी हिकमत घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

४७. प्रतिवादीहरु भरत घर्ती र चान्ची घर्ती बीचमा अनैतिक सम्बन्ध रहेको भन्ने बारे मलाई थाहा छैन। विदेशबाट पठाएको पैसा मिलेमतो गरी खाने पचाउने नियतले घटना मिलेमतो गरेको भन्ने व्यबेहोरा झुठ्ठा हो। वस्ती घर्तीलाई भरत घर्तीले कर्तव्य गरी मारेका होइनन्। निज निर्दोष हुँदा अभियोग माग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यबेहोराको **प्रतिवादी भरत घर्तीका साक्षी गोवर्धन घर्तीमगरले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

४८. वारदातपूर्व नै वस्ती घर्ती र चान्ची घर्तीबिच झगडा हुने गर्दथ्यो। भाईले विदेशबाट कमाएको पैसा चान्चीले गुपचुप बनाई नदेखाएकोले झगडा हुन्थ्यो। प्रतिवादी चान्चीले वस्तीलाई खुकुरी हान्दा वस्तीले खुकुरी खोसी फालिदिएको थियो। यस पटक तँ बाँचिस्, अर्को चोटी तलाई मार्छु भनी प्रतिवादी चान्चीले वस्तीलाई भनेकी थिईन्। वस्ती घर्तीलाई चान्ची र भरत घर्ती मिली मारेका होलान्। पहिलादेखि झगडा भएको र प्रतिवादी चान्ची र भरत सासु ज्वाइको नाता पर्ने भएकोले यी दुवै मिली मारेका हुन् भन्ने कुरा गाउँघरमा सुनेको हुँ भन्नेसमेत व्यबेहोराको वादीका साक्षी **कर्मसरी घर्तीले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

४९. सधैंजसो पैसाको हिसाब किताब माग्ने वस्तीलाई मारी दिएपछि हिसाब किताब दिनुपर्दैन भनी चान्चीले वस्तीलाई कर्तव्य गरी मारेकी हुन्। घटना विवरण कागजको व्यबेहोरा मेरो आफ्नै हो। घटना घटेको अर्को दिन दिउँसो ११:०० बजेतिर धनसरीले भनेपछि थाहा पाएकी हुँ

भन्नेसमेत व्यबेहोराको वादीका साक्षी **सम्झी रोकाले शुरु रोल्पा जिल्ला अदालतमा गरेको बकपत्र।**

५०. प्रतिवादी चान्ची घर्ती मगरकै संलग्नतामा मृतक वस्ती घर्तीको कर्तव्यबाट मृत्यु भएको पुष्टि हुन आएकोले निज प्रतिवादी चान्ची घर्तीमगरले मुलुकी ऐन, ज्यान सम्वन्धीको १३(४) नं. बमोजिमको कसूर अपराध गरेको हुँदा सोही ज्यान सम्वन्धीको १३(४) नं. बमोजिम जन्म कैद हुने ठहर्छ। प्रतिवादीहरु भरत घर्तीमगर, कमल घर्ती मगर, मोहनलाल घर्तीमगर एवम् वन्सुर घर्तीमगरले अभियोग दावीबाट सफाई पाउने ठहर्छ भन्ने **सुरु रोल्पा जिल्ला अदालतबाट मिति २०७३।०८।३० मा भएको फैसला।**

५१. मृतक वस्ती घर्तीको मिसिल संलग्न रहेका विभत्स तस्वीरहरु तथा लास जाँच मुचुल्काबाट समेत घटना प्रतिवादी मध्येकी चान्ची घर्तीमगरबाट मात्रै भएको भन्ने देखिदैन र एक भन्दा वढी व्यक्तिहरुको संलग्नता भएको देखिन्छ। आफुहरु विचको अवैध सम्बन्ध रहेकोले मृतक विदेशबाट फर्की आई विदेशबाट पठाएको रकमको हरहिसाव खोजेपछि सो हरहिसाव देखाउन नसकी निजलाई हत्या गर्ने योजना बनाई प्रतिवादीहरु चान्ची घर्ती र भरत घर्तीसमेत भई मृतकको हत्या गरिएको अवस्था छ। मौकामा बुझिएका घटनाका प्रत्यक्षदर्शी एलन घर्तीले मास्क लगाई कालो कपडा लगाई आएका ४ जना मानिसहरुले बुवा वस्ती घर्तीलाई लाठी खुकुरीले प्रहार गरी कर्तव्य गरी मारेका हुन् भन्ने खुलाई अदालतमा बकपत्र गर्दा समेत आफ्नो वुवालाई कर्तव्य गरी मार्नमा मुखमा मास्क लगाई आएका २ जना मानिसहरुको समेत संलग्नता रहेको, एकजनाले टर्च देखाई अर्काले बुवाको घाँटी रेटेको हो भनी खुलाई लेखाए समेतबाट जाहेरवालीका छोरा वस्ती घर्तीलाई कर्तव्य गरी मार्ने कार्यमा यी प्रतिवादीहरुकोसमेत संलग्नता रहेको कुरा पुष्टि हुन आएको छ। प्रतिवादी चान्ची घर्तीको मौकाको र अदालतको बयान, प्रत्यक्षदर्शी एलन घर्तीको कागज एवम् बकपत्र, जानकुमारी घर्तीको कागज समेतबाट घटनामा यी प्रतिवादीहरुको संलग्नता रहेको पुष्टि देखिएकोले प्रतिवादीहरु भरत घर्तीमगर, कमल घर्ती मगर, मोहनलाल घर्तीमगर र वन्सुर घर्तीमगरलाई समेत अभियोग मागदावी वमोजिम सजाय ठहर हुनुपर्नेमा अभियोग मागदावीबाट सफाई दिने ठहऱ्याई भएको सुरु फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई समेत अभियोग मागदावी वमोजिम गरी पाउँ भन्ने समेत बेहोराको **वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत तुलसीपुरमा दायर भएको पुनरावेदन पत्र।**

५२. जाहेरवाली वारदातस्थलको प्रत्यक्षदर्शी होईनन्। निजले अरुले भनेको सुनेको आधारमा जाहेरी दिएकी हुन्। सो जाहेरी दिंदा मलाई दुःख दिने नियतले दिएको प्रष्ट छ। म निर्दोष रहेको बेहोरा मैले अनुसन्धान अधिकारी र अदालतमा गरेको ईन्कारी बयानबाट समेत प्रष्ट हुन

आउँछ। जाहेरी व्यबेहोरालाई प्रमाण ऐन, २०६१ को दफा २५ बमोजिम वादी पक्षले हालसम्म वस्तुनिष्ट ढङ्गले पुष्ट्याई गर्न सकेको अवस्था छैन। मैले वस्ती घर्तीलाई कुटपिट नगरे पनि वारदातस्थलमा रहे भएको हुँदा भन्ने उल्लेख गरेको रोल्पा जिल्ला अदालतको फैसलामा न्यायिक मनको प्रयोग भएको छैन। तसर्थ, ज्यान सम्वन्धी महलको १३(४) नं. बमोजिम मलाई जन्म कैदको सजाय हुने ठहर्‍याई भएको फैसला त्रुटिपूर्ण रहेको छ। अनुमानको भरमा आत्मनिष्ठ तरिकाले भएको सो फैसला वदर गरी अभियोग दावीवाट सफाई दिलाई पाउँ भन्ने समेत व्यबेहोराको **प्रतिवादी चान्ची घर्ती मगरले उच्च अदालत तुलसीपुरमा दायर गरेको पुनरावेदन पत्र।**

५३. प्रतिवादीहरु कमल घर्तीमगर, मोहनलाल घर्तीमगर र बन्सुर घर्तीमगरले अभियोग दाबीबाट सफाई पाउने र प्रतिवादी चान्ची घर्तीमगरलाई मुलुकी ऐन, ज्यान सम्वन्धीको १३(४) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहर्‍याएको रोल्पा जिल्ला अदातलको मिति २०७३।०८।३० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। अर्का प्रतिवादी भरत घर्ती उपर मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १३(४) नं. बमोजिम अभियोग दावी भएतापनि प्रतिवादीलाई हुने सजायको हकमा तात्विक अन्तर नहुने हुँदा ऐ. १३(३) नं. बमोजिमको कसूरमा सोही नं. बमोजिम जन्मकैदको सजाय ठहर गर्नु पर्नेमा अभियोग दावीवाट सफाई पाउने ठहर्‍याएको शुरु रोल्पा जिल्ला अदालतको मिति २०७३।०८।३० को फैसला नमिलेको हुँदा सो हदसम्म बदर भै प्रतिवादी भरत घर्तीलाई ज्यान सम्वन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ भन्ने **उच्च अदालत तुलसीपुरबाट मिति २०७५।२।२१ मा भएको फैसला।**

५४. घटना विवरण कागज गर्ने जानकुमारी घर्ती मगरले टर्च बाल्दा उक्त टर्चको उज्यालोमा मोहनलाल घर्तीमगरलाई कमल घर्तीमगरको साथमा लागी गएको देखी चिनेको हुँ भनी कागज गरीदिएको देखिन्छ। साथै प्रतिवादी मध्येकी चान्ची घर्तीमगरले अदालतसमक्ष दायाँ कोठामा जानकुमारीसमेत र बायाँ कोठामा एन्जिला रोकासमेत भएको, एन्जिलाको कोठामा बाहिरबाट साङ्लो लगाइदिएका, जानकुमारी बसेको कोठामा साङ्लो नलगाई लाइट बाली बसेका भन्ने तथ्य स्वीकार गर्दै बयान गरेको देखिन्छ। अन्य मानिसहरु समेत घटनास्थल नजिकै भएको र उक्त वारदात घटिसक्दासमेत घटनास्थलमा प्रवेश गर्न नसक्नुले सुनियोजित तवरबाट अन्य व्यक्तिहरुबाट प्रतिरक्षा गर्न सक्ने वातावरण नदेखिएको तथा प्रतिवादीहरु चान्ची घर्तीमगर र भरत घर्तीमगर बाहेकका अन्य प्रतिवादीहरु समेतको संलग्नतामा वारदात घटेको पुष्टि भईरहेको छ। घटनाका प्रत्यक्षदर्शी एलन घर्तीमगरले ४ जना मानिसहरु पसेर मेरो बुबालाई कर्तव्य गरी मारेर गए भनी कागज गरिदिएकोमा अदालतसमक्ष उक्त दिन नचिनेको पुरुषले खुकुरीले

घाँटी रेटेको, एकजना पुरुष व्यक्ति लाइट बाली देखाउने गरिरहेको, मेरो बुबालाई मारिसकेपछि अटेची खोली सुन पैसा सबै लगेर मेरो आमा चान्ची र नचिनेका दुई पुरुष गरी ३ जना उक्त वारदातस्थलबाट भागेको भनी बकपत्र गरीदिएको देखिँदा उक्त वारदातस्थलमा अन्य दुई व्यक्ति उपस्थित भएको, जानकुमारी घर्तीको कोठामा अन्य दुई प्रतिवादीहरु मोहनलाल घर्तीमगर र कमल घर्तीमगर समेत गरी ४ जना भई कार्य सम्पन्न गरेको पुष्टि भईरहेको देखिँदा प्रतिवादीहरु मोहनलाल घर्तीमगर, कमल घर्तीमगर र बन्सुर घर्तीमगरलाई समेत शुरु अभियोग दावीबमोजिम नै सजाय गरी पाउँ भन्ने बेहोराको **वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पेश भएको पुनरावेदन पत्र।**

५५. मिति २०७२।११।१० को जाहेरीमा पतिलाई खुकुरी प्रहार गरी मलाई बोल्न नदिई नगद, छापावाला सुन, सुनको सिक्री समेत लुटी लानेलाई मैले पनि पत्ता लगाउने प्रयास गर्दैछु, पत्ता लागेको बेला वा खुल्न आएको बखत पुनः अर्को किटानी जाहेरी दर्ता गर्ने भनेकीले आफ्नो घटना विवरण अनुसन्धानमा कमल, भरत र बन्सुरको नाम उल्लेख गरी दिएकी हुँ। वारदात मितिको राती १:३० बजे केही व्यक्तिहरु दिदी र मृतक वस्ती घर्ती सुतेको कोठामा प्रवेश गरी ढोकामा गड्याङगुडुङ आवाज सुनेको, जो कराउँछ त्यसलाई खुकुरीले हान्छौं भनेपछि डरले म नबोली चुप लागी सुतेको हुँ, ती व्यक्तिले ढोका खोली टर्च बाल्दा मोहनलाल घर्तीमगर र कमल घर्तीमगरलाई देखि चिनेकी हुँ, उक्त घटना निजहरुले गराएको हो भनी जानकुमारी घर्तीले घटना विवरण कागज गरिदिएकी छन्। एउटै घर कोठामा डेरा गरी वस्ने शिक्षिका एन्जिला घर्तीले समेत मेरो अनुसन्धानको बयानलाई समर्थन गरी कागज गरीदिएकी छन्। छोरा एलन घर्तीले अनुसन्धानको क्रममा कागज गर्दा एक्कासी कोठा भित्र मास्क र कालो कपडा लगाएका ४ जना मानिसहरु पसेर मेरो बुबालाई २ जनाले लाठी खुकुरीले कुटपिट गरीरहेको र २ जनाले सुटकेश तोडफोड गर्दा विउँझिएर देखेको हुँ, आमा बोल्न लाग्दा कपाल टाउकोमा समाई हातले हानी बोल्न समेत नदिई मलाई पनि बोल्न नदिई राखेको, रोइ कराई गर्न नदिई ढोकामा चुकुल लगाई बुबालाई कर्तव्य गरी मारेर गए, घटना घटाउने ४ जना पातलो शरीर भएका टाउकोमा रुमाल बाँधेका थिए भन्ने व्यबेहोरा लेखाएका छन्। मेरो अदालत तथा अनुसन्धानको बयानलाई वारदातका प्रत्यक्षदर्शी जान कुमारी घर्ती, एन्जिला घर्ती समेतको कागजले पुष्टि गरेको छ। अनुसन्धानका क्रममा तत्काल बोलेका सत्य कुरालाई दुबै अदालतबाट मुल्याङ्कन भएको छैन। मेरा विरुद्ध पूर्व रिसईबी भएका मानिसहरुको भनाईमा मात्र भर गरी जन्म कैदको सजाय हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा मलाई अभियोग दावी बमोजिमको कसूरमा जन्म कैदको सजाय हुने ठहर्‍याएको सुरु तथा उच्च अदालत

तुलसीपुरको फैसला उल्टी गरी अभियोग दावीबाट सफाई दिलाई पाउँ भन्ने समेत बेहोराको **प्रतिवादी चान्ची घर्तीले यस अदालतमा पेश गरेको पुनरावेदन पत्र।**

५६. यसमा सफाई पाउने प्रतिवादीहरूका हकमा वादी नेपाल सरकारको पुनरावेदन परेको, कसूर ठहर गरीएका चान्ची घर्तीको पुनरावेदन परेको र प्रतिवादी भरत घर्ती मगरको हकमा साधक जाहेर भई आएको देखियो। प्रस्तुत मुद्दामा प्रमाणको मूल्याङ्कनका दृष्टिले उच्च अदालत तुलसीपुरको मिति २०७५।०२।२१ को फैसला विचारणीय भई फरक पर्न सक्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम प्रतिवादी चान्ची घर्तीको पुनरावेदनको जनाउ महान्यायाधिवक्ताको कार्यालयलाई दिई अनुपस्थित प्रतिवादीहरू मोहनलाल घर्ती समेत ३ जनाका नाउँमा म्याद जारी गरी झिकाई निजहरू हाजिर हुन आएपछि वा सो अवस्था नाघेपछि नियमानुसार पेश गर्नू भन्ने **यस अदालतको मिति २०७७।१२।०८ को आदेश।**

५७. प्रतिवादी चान्ची घर्तीलाई मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने र अन्य प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउने ठहर गरेको सुरु रोल्पा जिल्ला अदालतको फैसला केही उल्टी भै प्रतिवादी भरत घर्तीलाई समेत मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १३(३) नं. बमोजिमको कसूरमा सोही १३(३) नं. बमोजिम जन्मकैद हुने र अन्य प्रतिवादीहरु मोहनलाल घर्ती मगर, कमल घर्ती मगर र बन्सुर घर्ती मगरको हकमा आरोपित कसूरबाट सफाई पाउने ठहऱ्याई भएको सुरु अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको मिति २०७५।०२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादी चान्ची घर्ती दुवैको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने **यस अदालतबाट मिति २०८१।१।२४ मा भएको फैसला।**

५८. वादीले यो वारदातमा यो भूमिका छ भनी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम पुष्टि गर्न नसकेको र मृतकसँग ज्यान लिने इविलाग वा मनसाय शंकारहित तवरबाट स्वतन्त्र प्रमाणले पुष्टि हुन सकेको नदेखिँदा ने.का.प.२०४७ नि.नं. ३९३३ ले "तथ्ययुक्त सबुत प्रमाणको अभावमा केवल अनुमान गरी दोषी ठहराउन नमिल्ने।" भनी प्रतिपादित सिद्धान्त बिपरित स्वतन्त्र वस्तुनिष्ठ प्रमाणको अभावमा मलाई दोषी ठहऱ्याई सुरु अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुरबाट भएको फैसला नमिलेकोले पुनरावलोकनको अनुमति लिई सफाई पाउने गरी न्याय पाउँ भन्ने बेहोराको **प्रतिवादी चान्ची घर्तीले यस अदालतमा दायर गरेको पुनरावलोकनको निवेदन।**

५९. यसमा यी निवेदक प्रतिवादी चान्ची घर्तीले मौकामा तथा अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेको, घटनाका प्रत्यक्षदर्शी मृतकको छोराले मृतकलाई अपरिचित व्यक्तिले घाँटी

रेटेको भनी बकपत्र गरेको, मृतकको मृत्युको कारणमा Sharp injury at neck भन्ने बेहोरा उल्लेख भएको तथा सह-अभियुक्त भरत घर्तीले मृतकको घाँटी रेटेको भन्ने तथ्य मृतकको शव परीक्षण प्रतिवेदनबाट देखिएको अवस्थामा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) बमोजिमको कसूरमा जन्मकैद गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०८१।०१।२४ मा भएको फैसलामा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३), १६ मा उल्लेख भएको कानूनी व्यवस्था एवम् ज्यान सम्बन्धी कसूर मुद्दामा यस अदालतबाट ने.का.प. २०६१, नि.नं. ७३८८ र ने.का.प. २०६९, नि.नं. ८८२५ मा प्रतिपादित नजीर सिद्धान्तसमेतको प्रतिकुलताको प्रश्न समाहित रहेकोले न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को अवस्था विद्यमान रहेको देखिँदा प्रस्तुत मुद्दामा पुनरावलोकनको अनुमति प्रदान गरीदिएको छ। नियमानुसार पेस गर्नू भन्नेसमेत बेहोराको **यस अदालतबाट मिति २०८२।४।१५ मा भएको पुनरावलोकनको अनुमति हुने आदेश।**

## <u>यस अदालतको ठहर</u>

६०. नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरियो ।

६१. पुनरावेदक/प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री दिर्घलाल गिरीले प्रस्तुत मुद्दामा प्रतिवादी चान्ची घर्तीलाई प्रमाण ऐन, २०३१ को दफा २५ विपरीत वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणको अभावमा केवल शङ्का र अनुमानका भरमा दोषी ठहर गरी फैसला भएको छ। पुनरावेदक/प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतसमक्ष आरोपित कसूरमा इन्कार रहेर बयान गरेकी छन्। मृतक तथा प्रतिवादीका छोरा एलेन घर्ती, एन्जिला घर्ती, जान कुमारी घर्तीको घटना विवरण कागजबाट वारदातको समयमा मास्क लगाएका अज्ञात मानिसहरूले वस्ती घर्तीको हत्या गरेको भन्ने तथ्य शंकारहित तवरबाट स्थापित भएको छ। मृतक तथा पुनरावेदकका छोरा एलन घर्तीले वारदातको लामो समयपश्चात जाहेरवालीको प्रभावमा परी अनुसन्धानको क्रममा व्यक्त गरेको बेहोरा प्रतिकूल हुने गरी अदालतसमक्ष गरेको बकपत्र बेहोरा प्रमाणमा लिन मिल्ने होईन। घरमा सामान्य झगडा र विवाद रहेको भन्ने कारणबाट सासू नरमाला घर्तीले दिएको सुनी जान्ने जाहेरी र प्रत्यक्षदर्शी नभएका अन्य घटना विवरण कागज गर्ने सम्झी रोकासमेतका व्यक्तिहरूको कथनलाई प्रमाणमा ग्रहण गरी त्रुटिपूर्ण फैसला भएको छ। अनुसन्धानको क्रममा आरोप लगाउने सहप्रतिवादीहरु मोहनलाल घर्तीमगर र बन्सुर घर्तीमगरले वारदातबारे केही थाहा नभएको भनी अदालत समक्ष बयान गरेका छन्। पोलिग्राफ परीक्षण प्रतिवेदनलाई कसूरको अभियोग दाबी ठहर गर्ने प्रयोजनका लागी प्रमाणमा ग्रहण गर्न नमिल्ने भनी यस अदालतबाट प्रतिपादित सिद्धान्त बिपरित प्रस्तुत मुद्दामा प्रतिवादीको पोलिग्राफ परीक्षण प्रतिवेदनलाई प्रमाणमा लिई कसूर ठहर गरेको फैसला मिलेको छैन।

यसर्थ, प्रतिवादी चान्ची घर्तीले मृतकलाई मार्न वचन दिएको, वारदातमा संयोग पारेको वा कर्तव्य गरि मारेको भन्ने कुनै पनि प्रत्यक्ष, वस्तुनिष्ठ र शङ्कारहित स्वतन्त्र प्रमाण वा आपराधिक मनसाय वादी पक्षबाट पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादी चान्ची घर्तीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको उच्च अदालत तुलसीपुरको फैसला सदर हुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरी पुनरावेदक/प्रतिवादी चान्ची घर्तीलाई पूर्ण सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

६२. प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री कृष्णराज पन्त र विद्वान् उपन्यायाधिवक्ता श्री भानदेव जोशीले प्रतिवादी उपर किटानी जाहेरी परि जाहेरवालीले आफ्नो जाहेरी बेहोरा पुष्टि हुने गरी अदालतमा बकपत्र गरेकी छन्। प्रतिवादी चान्ची घर्तीले दिएको जाहेरी दरखास्तमा चोरी भएको भनिएका गरगहना तथा वारदातमा प्रयोग भएको खुकुरी प्रतिवादीकै घरमा गाडिएको अवस्थामा फेला परेको छ। प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा पृथक पृथक बेहोरा उल्लेख गरेबाट निजको बयान बेहोरा प्रमाणमा लिन मिल्ने होईन। प्रतिवादीको प्रारम्भिक जाहेरी बेहोरा र बयान बेहोरा समेत एकआपसमा मेल खाएको छैन। घटना विवरण कागज गर्ने सम्झी रोकासमेतका व्यक्तिले जाहेरी बेहोरा पुष्टि गरी अदालत समक्ष बकपत्र गरेका छन्। साथै मृतक तथा यिनै पुनरावेदकका छोरा एलन घर्तीले अदालतसमक्ष गरेको बकपत्रबाट चान्ची घर्तीको अभियोग दाबी पुष्टि भएको र पुनरावलोकनको अनुमति दिंदा उल्लेख भएका नजीरहरु प्रस्तुत मुद्दासँग सान्दर्भिक नरहेको अवस्थामा प्रतिवादी चान्ची घर्तीलाई अभियोग दाबीबमोजिम सजाय हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको फैसला सदर हुने गरी यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मिलेको हुँदा सदर कायम गरियोस् भनी गर्नुभएको बहससमेत सुनियो।

६३. यसमा मृतक छोरा वस्ती घर्तीले वैदेशिक रोजगारबाट कमाएको रकम श्रीमती चान्ची घर्तीलाई पठाएकोमा निज बुहारी चान्ची घर्ती र निजको बहिनी ज्वाईंले मिलेमतो गरी रकम खर्च गरेको, निज चान्ची र निजको बहिनी ज्वाईंबिच अनैतिक सम्बन्ध रहेको, छोरा विदेशबाट फर्किएपछि पठाएको रकमको हिसाब खोज्दा छोरा र प्रतिवादी चान्ची घर्तीबीच विवाद भई चान्ची घर्तीले छोरा वस्ती घर्तीलाई बियरको बोतलले टाउकोमा प्रहार गरी चोट पुऱ्याएको, खुकुरी प्रहार गर्न खोज्दा खुकुरी खोसेको र चान्चीले मार्ने धम्की दिएको भनी छोराले भनेको थियो। मृतक छोराले विदेशबाट पठाएको रकम खाने पचाउने नियतले योजनाबद्ध रूपमा प्रतिवादी चान्ची घर्ती र भरत घर्तीले मानिसहरू बोलाई मेरो छोराको हत्या गरेको भनी मृतककी आमा नरमाला

घर्तीको तर्फबाट पेश भएको किटानी जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भई अनुसन्धानपश्चात् प्रतिवादीहरू मोहनलाल घर्तीमगर, कमल घर्तीमगर, वन्सुर घर्तीमगरलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम र प्रतिवादीहरू चान्ची घर्ती र भरत घर्तीमगरलाई ज्यान सम्बन्धी महलको १ नं. र १३(४) नं. बमोजिमको कसूरमा सोही महलको १३(४) नं. बमोजिम हदैसम्मको सजायको मागदाबीसहित अभियोगपत्र दायर भएको देखिन्छ।

६४. सुरु रोल्पा जिल्ला अदालतबाट प्रतिवादी चान्ची घर्तीको संलग्नता पुष्टि भएको भनी निजलाई ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरू भरत घर्तीमगर, कमल घर्ती, मोहनलाल घर्ती र बन्सुर घर्तीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी मिति २०७३।०८।३० मा फैसला भएकोमा वादी नेपाल सरकार र प्रतिवादी चान्ची घर्ती दुवैको तर्फबाट परेको पुनरावेदनमा उच्च अदालत तुलसीपुरले सुरु अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरु बन्सुर घर्तीमगर, मोहनलाल घर्तीमगर र कमल घर्तीमगरले अभियोग दाबीबाट सफाई पाउने र चान्ची घर्तीलाई जन्मकैदको सजाय हुने ठहरेको हदसम्म सुरु फैसला सदर राख्दै प्रस्तुत वारदातमा प्रतिवादी भरत घर्तीमगरको समेत संलग्नता रहेको भन्दै निजलाई ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई मिति २०७५।०२।२१ मा फैसला गरेको देखिन्छ। प्रतिवादीहरु मोहनलाल घर्तीमगर, कमल घर्तीमगर र बन्सुर घर्तीमगरको हकमा उच्च अदालत तुलसीपुरबाट फैसला भएउपर वादी नेपाल सरकार, जन्मकैदको सजाय ठहरेतर्फ प्रतिवादी चान्ची घर्तीको तर्फबाट दायर भएको पुनरावेदन र भरत घर्तीको हकमा साधकको रोहमा पेश भएको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट उच्च अदालत तुलसीपुरको फैसलालाई नै सदर गर्ने गरी मिति २०८१।०१।२४ मा फैसला भएको देखिन्छ। सो फैसलाउपर प्रतिवादी चान्ची घर्तीले यस अदालतको संयुक्त इजलासबाट त्रुटिपूर्ण निर्णय भएको भनी मुद्दा पुनरावलोकनको निवेदन दायर गरेकोमा यस अदालतको पूर्ण इजलासबाट मिति २०८२।०४।१५ मा पुनरावलोकनको अनुमति प्रदान भई प्रस्तुत मुद्दा यस इजलाससमक्ष पेस हुन आएको देखिन्छ।

६५. उपर्युक्त बमोजिमको तथ्य एवं पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा दुबैतर्फका विद्वान् कानून व्यवसायीहरुले गर्नुभएको बहससमेतलाई बिचार गरी मिति २०८२।०४।१५ मा यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकनको लागि अनुमति प्रदान गरेको आदेशसमेत मिसिल संलग्न कागजात अध्ययन गरी प्रस्तुत मुद्दामा देहायबमोजिमका प्रश्नहरुमा केन्द्रीत रही निर्णयमा पुग्नुपर्ने देखियोः-

(क) संयुक्त इजलासको फैसला पुनरावलोकन हुने अनुमति प्राप्त भई पूर्ण इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावलोकनको अनुमति प्रदान गर्दा ग्रहण गरिएका आधारहरुमा मात्र सीमित रही निर्णय गर्नुपर्ने हो वा फैसला गर्दा ग्रहण गरिएका सम्पूर्ण प्रमाणहरुको पुनर्मुल्याङ्कन गर्नुपर्ने हो?

(ख) वादी नेपाल सरकारको साक्षीले अनुसन्धानका क्रममा कागज गर्दा किटान अभिव्यक्त नगरेकोमा किटान रुपमा थप कुरा उल्लेख गरी अदालतमा बकपत्र गरेमा सो थप बकपत्र बेहोरा प्रमाणमा ग्रहणीय हुन्छ, हुँदैन?

(ग) प्रस्तुत मुद्दामा यी प्रतिवादी चान्वी बिरुद्ध के कस्ता प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणहरुको विद्यमानता रहेको अवस्था छ ?

(घ) यस अदालतको पूर्ण इज़लासबाट मिति २०८२।०४।१५ मा पुनरावलोकनको अनुमति प्रदान गर्दा आदेशमा उल्लेख भएको मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) र १६ को कानूनी व्यवस्थाको बिषय पुनरावलोकनको आधार हुन सक्छ वा सक्दैन?

(ङ) प्रस्तुत मुद्दामा पुनरावलोकनको रुपमा ग्रहण गरिएका नजीरहरु प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था छ, छैन?

(च) प्रतिवादी चान्वी घर्तीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०८१।०१।२४ मा भएको फैसला मिलेको छ, छैन? प्रतिवादी चान्वी घर्तीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?

६६. सर्वप्रथम, पहिलो प्रश्नतर्फ बिचार गरी फैसला पुनरावलोकन सम्बन्धी कानुनी व्यवस्थाको प्रकृति, यसको सीमा र न्यायिक अभ्यासतर्फ दृष्टिगत गर्दा, नेपालको न्यायिक इतिहास र कानुनी विकासक्रममा साविक न्याय प्रशासन ऐन, २०४८ को दफा ११ र १३, हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ११ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२० र २२१ सम्मका कानूनी व्यवस्थाहरुले पुनरावलोकनको अधिकारक्षेत्र नियमित पुनरावेदन जस्तो फैसलाको गुण दोषमा पुनः प्रवेश गरी प्रमाणको साधारण पुनर्मूल्याङ्कन गर्ने मार्ग नभएको प्रष्ट गरेको देखिन्छ। हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) मा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश देहायको अवस्थामा पुनरावलोकन गर्न सक्ने देखिन्छः-

*(क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा, वा*

*(ख) सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम*

*आदेश भएको देखिएमा।*

उपदफा (३) मा *देहायको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैन:-*

*(क) एक पटक त्यस्तो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,*

*(ख) बृहत पूर्ण इजलासबाट फैसला वा अन्तिम आदेश भएको,*

*(ग) संवैधानिक इजलासबाट निर्णय भएको,*

*(घ) यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम मुद्दा दोहोर्‍याई फैसला भएको, वा*

*(ङ) दफा १२ बमोजिम दोहोर्‍याई हेरिएको मुद्दामा उच्च अदालतको इन्साफ सदर भएको वा दोहोर्‍याई हेर्ने निस्सा नभएको।*

६७. यसैगरी, मुलुकी देवानी कार्याबिधि संहिता, २०७४ को दफा २२० को उपदफा (२) (क) (ख) मा न्याय प्रशासन ऐन, २०७३ मा भएका व्यवस्थाबमोजिम नै के कुन आधारहरुमा केन्द्रीत रही सर्बोच्च अदालतले संयुक्त इजलासको फैसला पुनरावलोकन गर्न सक्दछ भन्ने व्यवस्था गरी दफा २२१ मा ***"दफा २१९ बमोजिम मुद्दा दोहोर्‍याई हेर्दा र दफा २२० बमोजिम पुनरावलोकन गर्दा सर्वोच्च अदालतले जुन आधारमा मुद्दा दोहोर्‍याई हेर्ने वा पुनरावलोकन गर्ने आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा मात्र सिमित रहि मुद्दाको किनारा गर्नु पर्नेछ"*** भनी पुनरावलोकनका आधार र सो आधारका सम्बद्ध बिषयमा सिमित रही मुद्दा किनारा गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ। यसरी विधायिकाले जुन आधारहरु उल्लेख गरी मुद्दा पुनरावलोकन गर्ने आदेश भएको हो सोही आधार र सम्बद्ध विषयमा सीमित रही मुद्दाको किनारा गर्नुपर्नेछ भनी बाध्यात्मक सीमा तोकेको देखिएबाट पुनरावलोकन भएको मुद्दामा सबै विषयमा हेर्न सकिने गरी खुल्ला हुने नभई मुलतः पुनरावलोकनको आदेश गर्दा ग्रहण गरिएका आधारहरुमा सम्म सीमित हुनुपर्ने गरी परिसीमन गरेको देखिन्छ। उल्लिखित कानूनी ब्यवस्थाहरुको परिदृश्यमा पुनरावलोकनको विषय साधारण पुनरावेदन सरह नभई पुनरावलोकन गर्ने आदेशमा उल्लिखित सीमामा रहेर निरुपण गर्नुपर्ने गरी विधायिकी मनसाय अभिब्यक्त भएको देखियो।

६८. यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकनका विषयमा प्रतिपादित देहायका सिद्धान्तहरु यहाँ उल्लेख गर्नु सान्दर्भिक हुने देखियो ।

- आसकुमारी थुसासमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत रहेको उत्प्रेषण परमादेशसमेत मुद्दामा *"पुनरावलोकन सम्बन्धी कानूनी व्यवस्था विशेष प्रकृतिको कानूनी व्यवस्था हो, यसलाई पुनरावेदनको रुपमा वा पुनरावेदकीय अधिकार जस्तो सिधै प्रयोग गर्न मिल्दैन। सामान्यतया कुनै अदालतबाट प्रचलित कानून,*

*न्यायका मान्य सिद्धान्त र संकलित सबुत प्रमाणको विवेचना गरी गरिएको फैसला वा अन्तिम आदेश सोही अदालतबाट पुनरावलोकन हुन सक्दैन। सर्वोच्च अदालत सर्वोच्च न्यायिक निकाय भएकोले प्रचलित कानूनको अधीनमा रही निश्चित कानूनी आधारमा सर्वोच्च अदालतले आफूले गरेको फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्छ"*।[1]

- मचाभाई महर्जन समेत विरुद्ध दानबहादुर महर्जन भएको अंश चलन मुद्दामा *"भैरहेको कानूनी व्यवस्थाबाट मुद्दा पुनरावलोकन गर्दा वा दोहोऱ्याई हेर्दा जुन आधारमा पुनरावलोकन गर्ने वा दोहोऱ्याई हेर्ने आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा सिमित रही मुद्दा किनारा गर्नुपर्ने। पुनरावलोकन गर्ने निस्सा प्रदान गर्दाको आदेश नै गलत छ भने त्यस्तो गलत आदेशको आधारमा पुनरावलोकन हुन सक्ने आधार प्रमाण नहुने। पुनरावलोकनको निस्सा भएको मुद्दामा निस्सा दिँदाको आधार नै निराधार असंगत एवं असम्बद्ध छ वा बेरितको छ कि छैन पछि मुद्दा सुनुवाई गर्ने इजलासले सो हेरिकन मात्र निष्कर्षमा पुग्नु पर्ने। यदि पुनरावलोकनको निस्सा दिँदाको आधार नै कानून विपरीत छ वा गलत छ भने मुद्दाको सुनुवाई अगाडि बढ्न सक्दैन, मुद्दाको अन्य विषयवस्तु उपर प्रवेश गरी मुद्दामा निरूपण हुन नसक्ने। निस्सा दिँदाको आदेश कानूनसम्मत छ भने मात्र निस्सा दिँदाको आदेश र सम्बन्धित प्रश्नमा न्याय निरूपण गर्न सोसँग सरोकार राख्ने सम्बद्ध विषयमा प्रवेश गरी निर्णय गर्न सकिने अवस्था रहन्छ। पुनरावलोकनको निस्सामा उल्लेख गरिएको मूल आधार नै मुद्दामा तात्विक महत्व राख्ने वा सान्दर्भिक देखिन नआएमा अरु सम्बद्ध तथ्यहरू के थिए भनी हेरिरहनुको कुनै औचित्य रहन नसक्ने"*।[2]

६९. उल्लिखित नजीरहरुले प्रतिपादन गरेको सिद्धान्त एवं प्रचलित कानूनी व्यवस्थानुसार पुनरावलोकनको अनुमति प्रदान गर्दा लिइएको आधार नै कानुन र तथ्यभन्दा बाहिर, निराधार, असंगत वा बेरितको देखिएमा पछि सुनुवाई गर्ने इजलासले त्यस्तो आदेशको जगमा उभिएर सामान्यतः मुद्दाको अन्य विषयवस्तुभित्र प्रवेश गर्न मिल्ने देखिँदैन। पुनरावलोकनको अनुमति दिँदाको आदेश कानुनसम्मत र तात्विक महत्त्वको भएमा मात्र न्याय निरूपणको प्रक्रिया अगाडि बढ्न सक्ने देखिन्छ। प्रस्तुत मुद्दामा मिति २०८२।०४।१५ मा पुनरावलोकनको अनुमति प्रदान गर्दा भएको आदेश हेर्दा, प्रतिवादी चान्ची घर्तीले मौकामा तथा अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेको, घटनाका प्रत्यक्षदर्शी मृतकको छोराले मृतकलाई अपरिचित

[1] ०७३-NF-००१४
[2] ने.का.प. २०६४, अंक ९, नि.नं. ७८७७

व्यक्तिले घाँटी रेटेको भनी बकपत्र गरेको, मृतकको मृत्युको कारण Sharp injury at neck भन्ने बेहोरा उल्लेख भएको तथा सह-अभियुक्त भरत घर्तीले मृतकको घाँटी रेटेको भन्ने तथ्य मृतकको शव परीक्षण प्रतिवेदनबाट देखिएको र मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३), १६ मा उल्लेख भएको कानूनी व्यवस्था एवम् ज्यान सम्बन्धी कसूर मुद्दामा यस अदालतबाट नि.नं. ७३८८ र नि.नं. ८८२५ मा प्रतिपादित नजीर सिद्धान्तसमेतको प्रतिकुलताको प्रश्न समाहित रहेको भनी पुनरावलोकनको अनुमति प्रदान भएको देखिन्छ। उक्त आदेशले यस अदालतको संयुक्त इजलासबाट भएको फैसलामा प्रमाणको अवस्था, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित नजीरहरूको प्रतिकूलताको प्रश्न उठाएको देखिएको अवस्थामा यस अदालतको पूर्ण इजलासले पुनरावलोकनको अनुमति प्रदान गर्दा लिईएका उल्लिखित आधारहरुमा नै केन्द्रित रही प्रस्तुत मुद्दामा निष्कर्षमा पुग्नु पर्ने देखियो।

७०. **दोस्रो प्रश्न अर्थात वादी नेपाल सरकारको साक्षीले अनुसन्धानका क्रममा कागज गर्दा किटान अभिव्यक्त नगरेकोमा किटान रुपमा थप कुरा उल्लेख गरी अदालतमा बकपत्र गरेमा सो थप बकपत्र बेहोरा प्रमाणमा ग्रहणीय हुन्छ, हुँदैन?** भन्ने सम्बन्धमा हेर्दा, पुनरावलोकनको निवेदनमा मृतक तथा प्रतिवादीका छोरा वारदातका प्रत्यक्षदर्शी एलन घर्तीमगरले अनुसन्धानमा यी प्रतिवादीलाई किटान नगरेकोमा अदालतमा किटान हुने गरी थप कुरा अभिव्यक्त गरेकाले सो कथन प्रमाणमा लिन मिल्दैन भनी जिकिर लिएको देखिएकोले सो सम्बन्धमा यहाँ संक्षिप्त रुपमा विवेचना गर्न सान्दर्भिक देखियो। प्रमाण ऐन, २०३१ को दफा १० मा *कुनै काम घटना वा अवस्थाका सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको छ ।*

*(क) सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्ष रुपमा देखे वा थाहा पाउने व्यक्ति, वा*

*(ख) सो काम, घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति।*

७१. यसरी नै सोही ऐनको दफा १८ मा **"कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ"** भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ। अर्थात कुनै व्यक्तिले अनुसन्धानका क्रममा व्यक्त गरेको कुरा अदालतमा पनि व्यक्त गर्दछ भने अदालतले सो कथनलाई प्रमाणमा ग्रहण गर्न सक्दछ। अनुसन्धानमा व्यक्त गरेको त्यस्तो कुरा मिसिल संलग्न अन्य प्रमाणहरुबाट पुष्टि भएको खण्डमा त्यस कथनले थप प्रमाणिक मुल्य प्राप्त गर्दछ। प्रमाण ऐनको उल्लिखित दफा १८ ले अनुसन्धानको क्रममा व्यक्त कथन अदालतमा

बकपत्र गरी पुष्टि गरेको खण्डमा सो कथनलाई प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिन्छ। सो दफा १८ मा साक्षीले अदालतका समक्ष बकेका कुराहरु मात्र प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था रहेको अवस्थामा पक्षका साक्षीले अदालतमा गरेको बकपत्र सामान्यतयाः प्रमाणमा ग्राह्य हुन सक्ने हुन्छ। यसरी प्रमाणमा ग्राह्य हुन सक्ने भएपनि साक्षीले अभिब्यक्त गरेको कुरा अर्थात बकपत्रको विश्वसनीय (Trustworthy), गुणस्तरीय (Sterling Quality) र खोटरहित (Unblemish) छ वा छैन र अनुचित दोषारोपण (Unwarranted blame) गरेको छ वा छैन लगायतका कुराहरु भने अदालतले परीक्षण गर्दछ । साथै साक्षीले कुनै तथ्य के कुन आधारमा अभिब्यक्त गरेको हो भन्ने जस्ता कुरा पनि अदालतले दृष्टिगत गर्नु आवश्यक हुन्छ। साक्षीको बकपत्रको परीक्षणबाट बकपत्र विश्वसनीय, सत्य र गुणस्तरीय रहेको भनी अदालत विश्वस्त भएको अवस्थामा मात्र अदालतले साक्षीको बकपत्रलाई प्रमाणमा ग्रहण गर्दछ।

७२. अनुसन्धानको क्रममा वादी पक्षको कुनै साक्षीले व्यक्त नगरेको कुरा बकपत्रका क्रममा थप उल्लेख गरेमा सो थप कथनलाई प्रमाणमा लिन मिल्ने नमिल्ने सम्बन्धमा के हुने भन्ने सम्बन्धमा यहाँ संक्षिप्त विवेचना सान्दर्भिक देखियो। कुनै साक्षीले अनुसन्धानका क्रममा कुनै कुरा अभिब्यक्त गर्दछ र त्यो भनाईसँग बाझिने गरी अदालतमा अभिब्यक्त गर्दछ भने बाझिएको हदमा त्यस्तो कुरा प्रमाणमा ग्रहणीय मानिदैन। त्यस्तो कुरा प्रमाणमा ग्रहणीय मान्नु प्रमाण कानूनको सैद्धान्तिक मान्यता प्रतिकुल हुन्छ। साथै कुनै साक्षीले अनुसन्धानमा अभिब्यक्त गरेको भनाइसँग अदालतमा भएको बकपत्रमा थप अभिब्यक्त गरेको कुरा बाझिएको छ भने त्यस्तो बाझिएको थप भनाई पनि प्रमाणमा ग्रहण गर्न सकिदैन। तर त्यस्तो थप भनाई अनुसन्धानका क्रममा भएको कथनसँग बाझिएको छैन र मिसिल संलग्न अन्य प्रमाणसँग सामाञ्जस्यता राख्दछ भने त्यसलाई पनि सन्दर्भबस आएको प्रमाणको रुपमा अबलोकन गर्न सकिन्छ। साथै अदालतमा अभिब्यक्त भएको तर अनुसन्धानका क्रममा त्यस्तो थप बेहोरा अभिब्यक्त हुन नसक्नुको कुनै युक्तियुक्त वा मनासिब कारण खुलाई थप कुरा व्यक्त गरेको छ र मिसिल संलग्न अन्य स्वतन्त्र वा वस्तुनिष्ठ वा परिस्थितिजन्य प्रमाण (Corroborating Evidence) बाट समर्थित रही अदालतले सो कुरा प्रतितलायक ठान्दछ भने त्यस्तो कुरा पनि अन्य प्रमाणसँग सामञ्जस्य गरी विश्लेषण गर्न सकिन्छ। यस्तो अवस्थामा अनुसन्धानका क्रममा अभिब्यक्त नभएको भनी सो कुरालाई पूर्ण रुपमा उपेक्षा गर्नु मनासिब हुँदैन। अपितु त्यस्तो प्रमाणका आधारमा मात्र कसैलाई कसूरदार ठहर भने गर्न मिल्दैन र यस्तो प्रमाणलाई स्वतन्त्र र विश्वसनीय प्रमाणको रुपमा भने ग्रहण गर्न सकिदैन। यस किसिमको प्रमाणलाई एकदमै शतर्कताका साथ नियाल्ने र मुद्दामा के कुन हदमा सामञ्जस्यता राख्दछ भनी हेर्नु पर्दछ। साथै अनुसन्धानमा अभिब्यक्त भनाई केही समयपछि अदालतमा भएको भनाईमा सामान्य फरक तर

अनुसन्धानको भनाईसँग मूलभूत वा तात्विक वा सारभूत भिन्नता छैन भने त्यसलाई प्रमाणमा ग्रहण गर्न हिच्किचाउनु पर्ने देखिदैन। यी कुरालाई प्रत्येक मुद्दामा रहेका अन्तरवस्तु र मुद्दाको प्रकृति तथा प्रमाणहरुको सापेक्षता, समग्रता, सान्दर्भिकताका र न्यायिक सद्विवेकका चक्षुबाट न्यायकर्ताले दृष्टिगत गरी सो प्रमाणको के कुन हदमा प्रमाणमा लिन सकिने वा नसकिने भनी निष्कर्षमा पुग्न सकिन्छ।

७३. प्रस्तुत मुद्दामा मृतक तथा प्रतिवादीका नाबालक छोरा एलन घर्तीमगर वारदातको समयमा वारदात घटेकै कोठामा मृतक र प्रतिवादीसँगै रहेकाले यी प्रत्यक्षदर्शीको भनाई मुद्दामा महत्वपूर्ण प्रमाणको रुपमा रहेको देखिन्छ। निज एलन घर्तीमगरले अनुसन्धानमा क्रममा वारदातको समयमा अपरिचित मानिसहरूले बुवालाई कर्तव्य गरी मारेका हुन् भनी कागज गरेको देखिएतापनि सुरु रोल्पा जिल्ला अदालतसमक्ष बकपत्र गर्दा वारदात घटना घटेको दिन मेरो बुवा वस्ती घर्तीलाई मारेको मैले प्रत्यक्ष देखेको हुँ। वारदातको रात मेरो बुवा वस्ती घर्ती र आमा चान्ची घर्तीबीच पैसाको विषयलाई लिएर झगडा भएको थियो। आमा चान्ची घर्तीले बुवालाई लाठीले पछाडिबाट धेरै चोटी हानेपछि आमाले नै बुवाको मुख र आँखा चुन्नी कपडाले छोपीदिई ढलिसकेपछि एकजना नचिनेको पुरुषले खुकुरीले बुवाको घाँटी रेटेको हो। मेरी आमा र सो पुरुष मिली बुवालाई मारिसकेपछि कोठाको सुटकेस फुटाई सुन र पैसा निकालेर सँगै भागेका हुन्। केही समयपछि मेरो आमा र कान्छी आमासमेत आई यो कुरा कसैलाई पनि नभनेस्, भनिस् भने हामी सबै जेल जान्छौं, हामी जेल गएपछि तलाई कसले पढाउँछ, तँ पछि लोफर हुन्छस् भनेका हुन् भनी वारदातको सजिव तस्वीर चित्रण गरी घटनाको तथ्य खुलाई बकपत्र गरेको देखिन्छ। साथै वारदातस्थलमा भेटिएको लाठी आमा चान्ची घर्तीले पिट्दा प्रयोग भएको लाठी रहेको भनी बकपत्रकै क्रममा सनाखत समेत गरेकोसमेत देखिन्छ।

७४. अनुसन्धानको चरणमा आमाको डर, त्रास र संरक्षणका कारण अपरिचित मानिसले वारदात घटाएको भनी अभिब्यक्त गरेको भनी निज एलन घर्तीले अदालतको बकपत्रमा उल्लेख गरेको देखिन्छ। यसरी निजले "आमा र सानिमाको दबाबमा मौकामा कागज गरेको हुँ" भनी अदालतमा गरेको बकपत्र गरेकोबाट निजले अनुसन्धानका क्रममा अदालतमा अभिब्यक्त गरेको तथ्य अभिब्यक्त गर्न नसकेको देखिन आएको छ। अर्थात अदालतमा भएको बकपत्रमा थप अभिब्यक्त गरेको कुरा अनुसन्धानका क्रममा अभिब्यक्त गर्न नसकेको युक्तियुक्त आधार स्थापित हुन आएको छ। यी प्रतिवादीले मृतकलाई कुटपीट प्रहार नगरेको वा वारदातमा संलग्न नरहेको भए अदालतसमक्ष उपस्थित भएर निज नाबालकले आफ्नै जन्मदिने आमा चान्ची घर्तीले बुवा वस्ती घर्तीलाई लाठीले पछाडिबाट धेरै चोटी हानेपछि आमाले नै चुन्नी कपडाले बुवाको मुख आँखा छोपी एकजना नचिनेको पुरुषले खुकुरीले घाँटी रेटेको हो भनी बकपत्र

गर्नुपर्ने कुनै कारण देखिँदैन। आफ्नै सामुन्नेमा बावुको मृत्यु देखेको नाबालकले विना कुनै ठोस कारण आफ्नै जन्म दिने आमाका विरुद्धमा यति गम्भीर र विभत्स हत्याको आरोप लगाएर बकपत्र गर्नु स्वभाविक हुँदैन। साथै निज नाबालकको अदालतसमक्षको बकपत्र बेहोरा लासजाँच मुचुल्कामा देखिएको घाँटीको खत र चिकित्सकको शव परीक्षण प्रतिवेदन तथा मिसिल संलग्न अन्य प्रमाणहरुबाट पूर्ण रूपमा समर्थन गरेको अवस्था हुँदा यी बालकको अदालतमा भएको सो बकपत्रलाई अन्य प्रमाणहरुको सापेक्षतामा न्यायिक निष्कर्षमा पुग्ने क्रममा बिचार गर्न सक्ने नै देखियो।

७५. जहाँसम्म प्रतिवादी चान्ची घर्तीले प्रस्तुत पुनरावलोकनको निवेदनमा आफ्नो हजुरआमाको प्रभावमा छोरा एलन घर्तीले मेरा विरुद्धमा बकपत्र गरेको भनी जिकिर लिएको छ सो तर्फ हेर्दा, निज एलन घर्ती प्रभावमा पर्नुपर्ने कारण र आधार प्रतिवादीले खुलाउन सकेको देखिदैन। यसरी प्रस्तुत वारदातमा प्रत्यक्षदर्शी साक्षी एलन घर्तीले अनुसन्धानका क्रममा आफ्नै आमा र सानीमाको दबाबमा परी कागज गर्नुपरेको भनी अनुसन्धानका क्रममा प्रतिवादी चान्ची घर्तीलाई किटान गर्न नसक्नुको कारण खुलाई अदालतमा बकपत्र गरेको देखिन्छ। साथै निज एलन घर्तीले अदालतमा प्रतिवादी चान्ची घर्तीले के कसरी कर्तव्य गरी वस्ती घर्तीलाई मारेको हो भनी व्यक्त गरेको थप कुरा लास प्रकृति मुचुल्का, घटनास्थल मुचुल्का र शव परीक्षण प्रतिवेदन लगायतका भौतिक प्रमाणहरुबाट समर्थित भईरहेको देखियो। यस अवस्थामा अनुसन्धानका क्रममा व्यक्त नगरेको थप तथ्य खुलाई अदालतमा बकपत्र गरेको अवस्था भएपनि सो थप बकपत्रको बेहोरा अन्य प्रमाणहरुसँग सामाञ्जस्य रहेको हुँदा मुख्य, विश्वसनीय र आधारभूत प्रमाणको रुपमा नभई प्रासाङ्गिक र सहयोगी प्रमाणको रुपमा दृष्टिगत/अवलोकन गर्न सकिने नै देखियो।

७६. **तेस्रो प्रश्न अर्थात प्रस्तुत मुद्दामा यी प्रतिवादी चान्ची बिरुद्ध के कस्ता प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणहरुको पनि विद्यमानता रहेको अवस्था छ? भन्ने सम्बन्धमा हेर्दा,** यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान गर्दा प्रतिवादी चान्ची घर्तीले अधिकार प्राप्त अधिकारी तथा अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेको, घटनाका प्रत्यक्षदर्शी मृतकको छोराले मृतकलाई अपरिचित व्यक्तिले घाँटी रेटेको भनी बकपत्र गरेको, मृतकको मृत्युको कारणमा Sharp injury at neck भन्ने बेहोरा उल्लेख भएको तथा सह-अभियुक्त भरत घर्तीले मृतकको घाँटी रेटेको भन्ने तथ्य मृतकको शव परीक्षण प्रतिवेदनबाट देखिएको भनी प्रमाणको अवस्थालाई अनुमतिको आधारको रुपमा ग्रहण गरेको देखिन्छ। प्रचलित कानूनले पुनरावलोकनको अनुमति प्रदान गर्ने आधारमा प्रमाणको मुल्याङ्कनलाई नराखेको हुँदा प्रमाण मुल्याङ्कन भन्ने आधारमा मात्र पुनरावलोकन हुन सक्ने हुँदैन। तर यस मुद्दामा पुनरावलोकन गर्दा प्रमाणको अवस्थाको पनि

उल्लेख गरी यस अदालतबाट प्रतिपादित सिद्धान्तसँग आबद्धता गरिएको हुँदा यहाँ प्रस्तुत मुद्दामा यी प्रतिवादी बिरुद्ध रहेका प्रमाणहरु उल्लेख गर्न समिचिन देखेको छु।

७७. प्रस्तुत मुद्दाकी जाहेरवाली मृतक वस्ती घर्तीकी आमा नरमाला घर्तीले जाहेरी दरखास्तमा प्रतिवादी चान्ची घर्तीले वारदातपूर्व पनि मृतकलाई बोतल तथा खुकुरीले प्रहार गरेको, मृतक वस्तीले खुकुरी खोस्दा आज बचिस् अर्को दिन पख्लास् भनेको, तिम्रो बुहारीले एक दिन मार्छे भनी छोराले भनेको र चान्ची घर्तीले छोराले कमाएको पैसा खाने पचाउने नियतले भरत घर्तीसँग मिलेमतो गरी निजहरुले बोलाएका ४/५ जना मानिसहरुले छोरालाई कर्तव्य गरी मारेका हुन भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। निज जाहेरवालीले अदालतसमक्ष आफ्नो किटानी जाहेरी पुष्टि हुने गरी प्रतिवादी चान्ची घर्तीले भरत घर्तीको सहयोग लिई मेरो छोरा वस्ती घर्तीलाई कर्तव्य गरी मारेकी हुन्। मेरो छोरा वस्तीलाई मार्नमा चान्ची र भरतको मात्र संलग्नता छ भनी बकपत्र गरेको पाईन्छ। त्यसैगरी, घटना विवरण कागज गर्ने साक्षी सम्झी रोकाले अदालतसमक्ष बकपत्र गर्दा मृतक वस्ती घर्ती विदेशबाट फर्केको दिनदेखि नै प्रतिवादी चान्ची घर्तीले विदेशबाट पठाएको रकमको हिसाब दिन नसकी झगडा गर्ने गरेको, वारदातभन्दा केही दिन अगाडि मात्र चान्ची घर्तीले मृतक वस्ती घर्तीको टाउकोमा बियरको बोतलले प्रहार गरेको भन्ने कुरा स्वयं मृतकले भनेको हो। पैसाको हिसाब किताब माग्ने वस्तीलाई मारिदिएपछि हिसाब किताब दिनु पर्दैन भनी चान्चीले वस्तीलाई कर्तव्य गरी मारेकी हुन् भनी बकपत्र गरेकी छन्। साथै घटना विवरण कागज गर्ने कर्मसरी घर्तीलेसमेतले सोही बमोजिम नै वारदात घट्नुको अन्तर्निहित कारण खुलाई अदालतसमक्ष बकपत्र गरेको देखिन्छ। यी सबै बकपत्रहरुबाट मृतकलाई मार्ने कार्यमा यी प्रतिवादी चान्ची घर्तीसमेतको संलग्नता रहेको थप स्थापित/पुष्टि हुन आएको छ। जहाँसम्म प्रतिवादी चान्ची घर्तीले जाहेरवाली नरमाला घर्ती घटनाको प्रत्यक्षदर्शी नभई केवल सुनेको आधारमा निजले किटानी जाहेरी दिएको र सोही बमोजिम अदालतसमक्ष बकपत्र गरेको हुँदा निजको कथन प्रमाणमा लिन नमिल्ने जिकिर लिएको देखिन्छ। सुनिजान्ने प्रमाणलाई प्रमाणमा ग्रहण गर्न नसकिने कुरामा कुनै विवाद हुन सक्दैन। तर, प्रस्तुत मुद्दामा जाहेरवाली तदनुरुपको सुनिजान्ने प्रमाण होइनन्। यी जाहेरवालीले कर्तब्य ज्यानको अन्तर्निहित कारण अर्थात् मृतकले विदेशबाट पठाएको रकम चान्ची घर्तीले हिनामिना गरेको र वारदातभन्दा अगाडि प्रतिवादीले मृतकलाई बोतलले हानेर ज्यान मार्ने धम्की दिएको जस्ता तथ्ययुक्त आधारसहित बकपत्र गरेको अवस्थामा त्यस्तो बकपत्रलाई सुनिजान्ने प्रमाणको संज्ञा दिई प्रमाण ग्रहण गर्न इन्कार गर्नु प्रमाण कानुनको मान्यता अनुकूल हुँदैन। परिणामतः वारदातभन्दा अगाडि मृतक आफैले जाहेरवाली आफ्नी आमालाई श्रीमतीले मलाई एक दिन मार्न सक्छे भनी व्यक्त गरेको अभिव्यक्ति वारदात घट्नु पछाडिको जरियासँग

सम्बन्धित रहेको देखिएको अवस्थामा जाहेरवालीले अभिब्यक्त गरेको कथन प्रमाणमा ग्रहणीय रहेको छ।

७८. प्रस्तुत मुद्दामा सर्वप्रथम यी प्रतिवादी चान्ची घर्ती स्वयंले जाहेरी दरखास्त पेश गरेको देखिन्छ। निजले पेश गरेको सो जाहेरी दरखास्तमा ४ जनाको समूहमा आएका व्यक्तिहरुले श्रीमानलाई कर्तव्य गरी मारी नगद तथा सुनको गरगहना लुटि लिएको, हो हल्ला गरेमा मारी दिने धम्की दिएको भन्ने उल्लेख गरेको देखिन्छ। निज चान्ची घर्तीले अनुसन्धानका क्रममा चार जना मास्क लगाएका व्यक्तिहरु कोठाभित्र प्रवेश गर्दा आफूले प्रतिकार गरेको, आफ्नो कपाल लुछेर भुईंमा पछारेको र दाहिने कोखामा मुक्का प्रहार गरी चोट पुऱ्याएको भनी उल्लेख गरेको देखिएपनि सरकारी चिकित्सकद्वारा मिति २०७२।११।१३ मा गरिएको निज चान्ची घर्तीको शारीरिक परीक्षणमा निजको शरीरको कुनै पनि भागमा कुनै प्रकारको घाउ, चोट वा चिथोरेको खत वा निलडाम रहेको भएको देखिएन। यसबाट निजले वारदातको समयमा ४ जना हतियारधारीहरुको प्रतिकार गर्ने क्रममा आफुलाई कुटपीट गरेको भन्ने निजको जाहेरी बेहोराको कथन खण्डित भएको अवस्था छ। साथै प्रतिवादी चान्ची घर्तीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा चार जना अपरिचित व्यक्तिहरुले श्रीमानलाई मारेका हुन् भन्ने आफ्नो जाहेरी दरखास्तको बेहोरा खण्डित हुने गरी श्रीमान वस्ती घर्तीलाई कर्तव्य गरी मार्ने ४ जना व्यक्तिहरु मध्ये कमल घर्तीमगर र मोहनलाल घर्तीमगर हुन् भन्ने उल्लेख गरेको देखिन्छ। तर सुरु अदालतसमक्ष बयान गर्दा भने आफ्नो अधिकार प्राप्त अधिकारी समक्षको बयान बिपरित आफु बच्नलाई कमल घर्तीमगर र मोहनलाल घर्तीमगरले मेरो श्रीमानलाई मारेको भनेकी हुँ भन्ने उल्लेख गरेको देखिएबाट प्रतिवादी चान्ची घर्तीले दिएको प्रारम्भिक जाहेरी दरखास्तको बेहोरा, अनुसन्धानको क्रममा भएको निजको बयान एवं सुरु अदालत समक्षको बयान बेहोरा एकआपसमा मेल खाएको नदेखिई परस्पर बाझिएको देखिन आयो। यसरी यी प्रतिवादीले विभिन्न मितिमा फरक फरक बेहोरा अभिब्यक्त गरेको देखिएबाट यी प्रतिवादीको भनाई सन्देहास्पद देखिएको छ। परिणामतः यी प्रतिवादी आफू निर्दोष रहेको भनी गरेको बयान स्वीकार्य देखिन आएको छैन।

७९. अभियुक्त र अपराधबिचको सम्बन्ध स्थापित हुने एउटा महत्वपूर्ण आधार अपराधसँग सम्बन्धित दशी प्रमाण वा अपराधको जरियाका रुपमा रहेका कागजपत्र जस्ता भौतिक सामग्रीहरुको उपलब्धता पनि हुन्। यस मुद्दामा वारदात भएको घरको भुईंतल्लाको बीचको कोठामा सामानहरू थुपारिएको स्थानमा बोराहरूमुनि लुकाई राखिएको अवस्थामा ४५ सेन्टिमिटर लामो रगत लागेको खुकुरी, रगत लागेको हिमाल रेमिट ट्रान्सफरको कागज बरामद भएको अवस्था छ। अर्कातर्फ प्रतिवादी चान्ची घर्तीले आफ्नो सुरु जाहेरीमा वारदातमा संलग्न व्यक्तिहरुले

लुटी लगेको भनी दाबी गरेका मृतक वस्ती घर्तीले विदेशबाट ल्याएका 'M' र 'J' अक्षर अंकित लकेटसहितको सुनको सिक्री र बालबालिकाले लगाउने चाँदीका बालाहरू प्रतिवादी चान्ची घर्ती र सहप्रतिवादी भरत घर्तीको संयुक्त स्वामित्वमा रहेको घरको भुईँतलामा जमिनको माटो खनी गाडिएको र पुरिएको अवस्थामा फेला परेको खानतलासी एवं बरामदी मुचुल्काबाट देखिएको छ। यसबाट सो वारदातमा यी प्रतिवादी चान्ची घर्तीसमेतको संलग्नता रहेको तथ्य नै स्थापित हुन आएको छ।

८०. यस मुद्दामा प्रत्यक्ष प्रमाणका अतिरिक्त परिस्थितिजन्य प्रमाणहरुको पनि विद्यमानता रहेको छ। फौजदारी कसूरका सम्बन्धमा कतिपय अवस्थामा प्रत्यक्षदर्शी प्रमाण नभएपनि घटनाका परिस्थितिहरुको श्रृङ्खलाबद्ध र मालाकार कडीहरुबाट कसूर स्थापित हुने अवस्था हुन्छ। कतिपय अवस्थामा प्रत्यक्ष र परिस्थिति दुवै किसिमका प्रमाणहरुको पनि विद्यमानता हुन सक्छ। परिस्थितिजन्य प्रमाणसम्बन्धमा यस अदालतले चार्ल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा प्रतिपादन गरेको सिद्धान्त यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ। जसअनुसार[3]

- *"कुनै काम, घटना वा अपराधका सम्बन्धमा अभियुक्तको काम वा व्यवहारका विभिन्न अवस्था र क्रियाकलापबाट तथ्यहरूको कडी एक आपसमा श्रृखंलाबद्ध रुपमा जोडिदा आपराधिक कार्य सम्पादन भएको स्वाभाविक निष्कर्ष निस्कने भएमा र सो कार्य र व्यवहारबाट अभियुक्तले अपराध गरेको स्थापित भएको देखिएमा यस्तो तथ्यहरूको मालाकार कडीलाई परिस्थितिजन्य प्रमाणको रुपमा परिभाषित गरिन्छ। यस्को लागि तथ्यका प्रत्येक कडी एक आपसमा आवद्ध र अन्योन्याश्रित भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नु पर्ने हुन्छ।"*
- *"मृतकको हत्या कुनै व्यक्तिको कर्तव्यबाट भएकोले कसूरजन्य कार्य गर्ने अपराधीलाई प्रचलित कानूनबमोजिम सजाय गर्नुपर्ने हुँदा अप्रत्यक्ष प्रमाणको आधारमा पनि कसूरदार देखिएको व्यक्तिलाई सजाय गर्नु अदालतको कर्तव्य हुने। अपराध र अपराधीको शिकार भएको पीडित व्यक्तिप्रति न्याय परोस् भन्ने कुरा पनि न्यायाधीशले त्यति नै सुनिश्चित गर्नु पर्दछ। अभियुक्त र अपराधबाट पीडित व्यक्ति दुवैलाई सन्तुलित रुपमा न्याय प्रदान गर्नु नै न्याय प्रणालीको आधारभूत लक्ष्य हुन्छ। कुनै एकप्रति मात्र लक्षित गरी गरिएको निर्णयले न्यायको आकार ग्रहण गर्न नसक्ने। अपराध गर्दा अपनाईएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र संगठित रुपमा*

[3] ने.का.प. २०६७, अंक ५, नि.नं. ८३९८

*आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ। यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नुपर्ने"* भनी व्याख्या भएको देखिन्छ।

त्यसैगरी, किरण वि.क. विरुद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा[4] देहायबमोजिमको व्याख्या भएको पाईन्छः-

- *"कुनै प्रतिवादीले आफू संलग्न वारदातका सम्बन्धमा अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसुर स्वीकार गरी अदालतसमक्षको बयानमा असत्य वा झुठो कुरा व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झुठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ। अप्रत्यक्ष प्रमाणको आधारबाट पनि अदालतले विवादको सही निरूपण गर्नुपर्ने हुन्छ। अपराधीले सदा कसैले देख्ने गरी अपराध नगर्ने र अपराधसँग सम्बन्धित दशी प्रमाणसमेत नष्ट गर्ने प्रयास गर्ने हुँदा फौजदारी मुद्दामा परिस्थितिजन्य प्रमाणबाट पनि दोषी पत्ता लगाउनु पर्ने बाध्यता रहने। कुनै पनि प्रतिवादीले प्रत्यक्ष प्रमाण (Direct Evidence) नष्ट गर्न सक्ने र प्रत्यक्षदर्शीको अभाव रहेको अवस्थामा पनि दोषी पत्ता लगाउनु पर्ने अवस्थामा परिस्थितिजन्य (Circumstantial Evidence) प्रमाणको सहारा लिनु पर्ने हुन्छ। यस्तो अवस्थामा प्रतिवादीले परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन वा तोडमोड गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी विश्वासयोग्य मानिने।"*

८१. प्रस्तुत मुद्दामा वारदातको क्रममा ४ जना व्यक्तिहरुले लुटि लिएको भनी प्रतिवादीले अभिव्यक्त गरेकोमा सो सुन र चाँदीका गहना तथा रगत लागेका रेमिट मार्फत पैसा पठाएका रसिदहरु प्रतिवादीकै घरकोठाबाट बरामद हुनु, वारदातको समयमा मृतक वस्ती घर्ती, प्रतिवादी चान्ची घर्ती र निजहरुका छोरा एलन घर्ती एउटै कोठामा रहेको अवस्था विद्यमान हुनु, श्रीमान श्रीमती सँगै रहेको अवस्थामा केही व्यक्तिहरु कोठाभित्र प्रवेश गरी श्रीमानलाई आक्रमण गर्दा सँगै रहेकी श्रीमतीले आफ्नो पतिको जीवन रक्षाका लागि कडा प्रतिवाद गर्नुपर्नेमा तदनुरुप प्रतिकार गरेको भन्ने कुरा देखिन/पुष्टि हुन नआउनु, एउटै ओछ्यानमा पतिलाई खुकुरी प्रहार गर्दा सँगै सुतेकी श्रीमतीको शरीरमा कुनै चोटपटक नहुनु, प्रतिवादी चान्ची घर्तीले वारदात भएपश्चात लगत्तै प्रहरीसमक्ष अपरिचित ४ जना मानिसहरू आएर सम्पत्ति लुटेर लोग्नेको हत्या गरेको भनी जाहेरी दिएकोमा सो प्रारम्भिक जाहेरी झुठा भएको र आफूले रिसइबीका कारण गाउँका

[4] ने.का.प. २०७५, अंक ७, नि.नं. १००५७

कमल घर्ती र मोहनलाल घर्तीलाई फसाउन र आफू बच्नका लागि निजहरूको नाम पोलेको भनी अदालतसमक्ष बयान गरेको, प्रतिवादी चान्ची घर्ती र मृतकबीच मृतकले विदेशबाट पठाएको रकमको हिसाब किताब सम्बन्धमा मनमुटाव रही निजहरुबिच बादविवाद हुने गरेको र निजहरुबिचकै विवादका कारण वारदात अघि मृतकको टाउकोमा चोट लागेको तथ्य प्रतिवादीले खुलाई अदालतमा बयान गरेको जस्ता अभियुक्तको काम वा व्यवहार जस्ता एकआपसमा अन्योन्याश्रित कडीका रुपमा रहेका परिस्थितिका आलोकमा पनि यी प्रतिवादी चान्ची घर्तीले आरोपित कसूर गरेको थप पुष्टि हुन आएको छ ।

८२. माथिल्ला प्रकरणहरुमा उल्लेख र विश्लेषण गरिए अनुसारका मिसिल संलग्न प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणहरुको सापेक्षतामा पुनरावलोकनको अनुमति अनुरुप यी प्रतिवादीलाई जन्म कैदको सजाय गरेको यस अदालतको संयूक्त इजलासको फैसलामा पुनर्बिचार हुनुपर्ने अवस्था दृष्टिगोचर हुन आएको छैन।

८३. **चौथो प्रश्न अर्थात पुनरावलोकनको अनुमति हुने आदेशमा उल्लेख भएको मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) र १६ को कानूनी व्यवस्थाको बिषय पुनरावलोकनको आधार हुन सक्छ वा सक्दैन? भन्ने तर्फ हेर्दा,** यस अदालतको पूर्ण इजलासबाट यस अदालतको संयुक्त इजलासको मिति २०८१।०१।२४ को फैसला मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३), १६ मा उल्लेख भएको कानूनी व्यवस्था प्रतिकुल रहेको भनी पुनरावलोकनको अनुमति प्रदान भएको देखिन्छ। कानूनको त्रुटीका आधारमा पुनरावलोकन गर्न सकिने गरी विधायिकाले कानूनी व्यवस्था नगरेको अवस्थामा कानूनको त्रुटी भन्ने आधारमा मात्र मुद्दा पुनरावलोकन हुन सक्दैन। तर प्रस्तुत मुद्दामा कानूनी त्रुटिलाई यस अदालतबाट प्रतिपादित नजिरसँग आबद्धता गरिएको हुँदा उल्लेख भएका कानूनी व्यवस्थाहरुलाई दृष्टिगत गर्नु आवश्यक देखियो। मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) मा **"लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानि रोपी घोची वा अरु ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भै मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न** आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। **त्यस्तालाई सर्वस्व सहित जन्मकैद गर्नु पर्छ। सो बाहेक अरुलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसै उपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नु पर्छ"** र सोही महलको १६ मा **"ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भई षडयन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने दश बर्षदेखि पन्ध्र बर्षसम्म कैदको सजाय गर्नु पर्छ। ज्यान मर्न नपाएको रहेनछ भने पाँच बर्षदेखि बाह्र बर्षसम्म कैद गर्नु पर्छ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

उल्लिखित १३ नम्बरको कसूरमा मार्ने कार्यमा प्रत्यक्ष संलग्नता रही चोट प्रहार गरेको अवस्था वा ज्यान मार्नमा बचन दिने वा वारदात भैरहेको ठाउँमा गै मार्नलाई संयोग पारिदिन निमित्त मर्ने मानिसको ज्यूमा हात हाली पक्री समाती दिने कार्य गरिएको हुन्छ भने १६ नम्बरको कसूरमा वारदातमा उपस्थिति भई चोट प्रहार गरेको नभई केवल ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भै षडयन्त्र गरेको वा त्यस्तो काम गर्न लगाएको अवस्था हुन्छ। यी प्रतिवादी मृतकलाई मार्ने कार्यमा षडयन्त्रको कसूरदारको रुपमा मात्र नरही मृतकलाई मार्ने कार्यमा प्रत्यक्ष रुपमा वारदातमा उपस्थिति, संलग्नता र चोट प्रहारसमेत गरेको अवस्था हुँदा यस अदालतको पूर्ण इजलासले मुद्दा पुनरावलोकनको अनुमति प्रदान गर्दा उल्लेख गरिए अनुसार यी प्रतिवादी चान्ची घर्तीले उल्लिखित ज्यान सम्बन्धी महलको १६ नम्बरबमोजिमको कसूर गरेको नभई ठहर भएको कसूर नै गरेको अवस्था देखियो। त्यसो हुँदा पनि पुनरावलोकनको अनुमति अनुसार संयुक्त इजलासको फैसलामा परिवर्तन गर्न आवश्यक देखिएन।

८४. **पाँचौ प्रश्न अर्थात प्रस्तुत मुद्दामा पुनरावलोकनको रुपमा ग्रहण गरिएका नजीरहरु प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था छ, छैन? भन्ने प्रश्नतर्फ बिचार गर्दा,** यस अदालतको पूर्ण इजलासले पुनरावलोकनको अनुमति प्रदान गर्दा ने.का.प. २०६१, नि.नं. ७३८८ र ने.का.प. २०६९, नि.नं. ८८२५ मा यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्तसमेतको प्रतिकूल रहेको भन्ने आधार लिएको पाईन्छ। यस अदालतबाट नि.नं. ७३८८ मा **"कुनै गैरकानूनी कार्य गर्न सामान्य उद्देश्य लिई षडयन्त्रको भूमिका तयार गर्ने बेला देखि षडयन्त्र पूरा हुने बेलासम्म जति जना संलग्न रहेको हुन्छ ती सबैले मुख्य षडयन्त्रकारीको भूमिका निर्वाह गरेको हुन्छ र त्यस्तालाई मुख्य षडयन्त्रकारी नै मान्नुपर्ने। अरु किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरु कुरा केही नगरी हेरी रहनेलाई र लेखिए देखि वाहेक अरु किसिमका मतलवीलाई ज्यान सम्बन्धीको १७ नं. को देहाय ३ आकर्षित हुने"** भनी ब्याख्या भएको देखिन्छ। त्यसैगरी नि.नं. ८८२५ मा **"ज्यान मार्ने उद्योग मुद्दामा पीडितलाई पर्न गएको चोट र त्यसको असरलाई मात्र ज्यान मार्ने उद्योग गरेको हो होइन भनी ठहर गर्ने निर्णायक प्रमाण मानिदैन, ज्यान मर्नेसम्मको कार्य गरिसकेको हो होइन भन्ने कुरा महत्वपूर्ण हुन्छ। तथापि घाउको अवस्थाले सांघातिकताको वस्तुगत रुपमा मूल्याङ्कन गर्ने आधार हुने हुँदा त्यस्तो प्रमाणलाई अदालतले महत्वपूर्ण प्रमाणको रुपमा ग्रहण गर्नुपर्ने"** भनी ज्यान मार्ने उद्योगको कसूरमा प्रमाणको मूल्याङ्कन सम्बन्धमा ब्याख्या भएको देखिन्छ। माथिल्ला प्रकरणहरुमा गरिएको विश्लेषणबाट यी प्रतिवादी मृतक वस्ती घर्तीलाई मार्ने कार्यमा षडयन्त्र गर्ने भूमिकामा मात्र सीमित नरही वारदातस्थलमै रही मृतकलाई कर्तब्य गरी मार्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्नता रहेको

देखिएको र ज्यान मार्ने उद्योगको विषय पनि सन्निहित नरहेको हुँदा यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान गर्दा ग्रहण गरिएका उल्लिखित नजिर प्रतिकुल फैसला भएको भन्ने आधारसँग सहमत हुन सकिने अवस्था रहेन।

८५. **अब, प्रतिवादी चान्ची घर्तीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०८१।०१।२४ मा भएको फैसला मिलेको छ, छैन? भन्ने अन्तिम प्रश्नतर्फ बिचार गर्दा,** माथी प्रकरण-प्रकरणहरुमा बिवेचना गरिएबमोजिम संयुक्त इजलासबाट मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा वा सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा उक्त फैसला पुनरावलोकन गरी हेर्न मिल्ने हुन्छ। तर यस मुद्दामा तदनुरुपका दुवै आधारको विद्यमानता देखिएन। साथै, जाहेरवाली नरमाला घर्तीमगरले प्रतिवादी उपर किटानी जाहेरी दिई आफ्नो जाहेरी बेहोरा समर्थित हुने गरी अदालत समक्ष गरेको बकपत्र, सम्झी रोकाको घटना विवरण कागज एवं अदालत समक्षको बकपत्र बेहोरा, प्रत्यक्षदर्शी रहेका मृतक र प्रतिवादीका नाबालक छोरा एलन घर्तीको अदालतसमक्षको बकपत्र, प्रतिवादीले अपरिचित व्यक्तिले चोरी गरी लिएको भनिएका सुन र चाँदीका गहना निजकै घरमा खाल्डो खनी पुरिएको अवस्थामा फेला परेको भन्ने खानतलासी बरामदी मुचुल्का र उपलब्ध परिस्थितिजन्य प्रमाणहरुबाट प्रतिवादी चान्ची घर्तीले आरोपित कसूर गरेको तथ्य पुष्टि हुन आएको हुँदा निज प्रतिवादी चान्ची घर्तीमगरलाई जन्मकैदको सजाय हुने ठहर गरेको उच्च अदालत तुलसीपुरको फैसलालाई सदर गरी अभियोग दावी बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट मिति २०८१।०१।२४ मा भएको फैसला मनासिब देखिँदा परिवर्तन गरिरहनुपर्ने देखिएन। त्यसो हुँदा प्रतिवादीको पुनरावलोकन जिकिर, प्रतिवादीतर्फका विद्वान् अधिवक्ताको बहस जिकिर एवं यस अदालतको पूर्ण इजलासबाट मिति २०८२।०४।१५ मा पुनरावलोकनको अनुमति प्रदान गर्दा लिईएका आधारहरुसँग सहमत हुन सकिएन।

८६. अतः माथी बिवेचित आधार, कारण र प्रमाणहरुका आधारमा उच्च अदालत तुलसीपुरको फैसला सदर गरी प्रतिवादी चान्ची घर्तीलाई अभियोग दावी बमोजिम जन्मकैदको सजाय गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०८१।०१।२४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। आरोपित कसूरबाट सफाई पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावलोकन जिकिर पुग्न सक्दैन।

८७. प्रस्तुत फैसलाको प्रतिलिपिसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई र सम्बन्धित कारागार कार्यालयमार्फत प्रतिवादी चान्ची घर्तीलाई दिनू। यो फैसलाको विद्युतीय प्रति मुद्दा

व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी फैसलाको पीठमा जनाउनू। प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी सुरु तथा प्रमाण मिसिल तत् तत् निकाय/अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(महेश शर्मा पौडेल)
**न्यायाधीश**

उक्त रायमा हामी सहमत छौं।

(मेघराज पोखरेल)
**न्यायाधीश**

(नित्यानन्द पाण्डेय)
**न्यायाधीश**

इजलास अधिकृत(उपसचिव): तोयानाथ उपाध्याय
कम्प्युटर अपरेटर: हर्क माया राई
**इति संवत् २०८३ साल वैशाख महिना ३१ गते रोज ५ शुभम् ..................................।**